# सूर्यविनायक नगरपालिका

## नगरसभाको २० औं अधिवेशनको पहिलो बैठकमा पेश भएका विषयगत समितिका प्रतिवेदनहरुको सूची



| सि.नं. | विवरण | पेज नं. |
|---|---|---|
| क | विधायन समितिको बार्षिक प्रतिवेदन | १ |
| ख | राजस्व परामर्श समितिको प्रतिवेदन | ५ |
| ग | न्यायिक समितिको बार्षिक प्रतिवेदन | २५ |
| घ | नगर स्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको बार्षिक प्रतिवेदन | ३३ |
| ङ | सार्वजनिक लेखा समितिको बार्षिक प्रतिवेदन | ४३ |
| च | आर्थिक विकास समितिको बार्षिक प्रतिवेदन | ४७ |
| छ | सामाजिक विकास समितिको बार्षिक प्रतिवेदन | ६३ |
| ज | पूर्वाधार विकास समितिको वार्षिक प्रतिवेदन | ८१ |
| झ | वन, वातावरण तथा विपद व्यवस्थापन समितिको बार्षिक प्रतिवेदन | ८५ |
| ञ | सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको वार्षिक प्रतिवेदन | ९१ |

विधायन समितिको तर्फबाटसूर्यविनायक नगरपालिकाको सम्मानित नगरसभाको २०औं अधिवेश समक्ष विधायन समितिका संयोजक प्रदीप कार्कीद्वारा प्रस्तुत

# वार्षिक प्रतिवेदन

**विधायन समितिको तर्फबाटसूर्यविनायक नगरपालिकाको सम्मानित नगरसभाको २०औं अधिवेश समक्ष विधायन समितिका संयोजक प्रदीप कार्कीद्वारा प्रस्तुत**

# वार्षिक प्रतिवेदन

आदरणीय सभाध्यक्षज्यू

१. सूर्यविनायक नगरपालिकाको यस गरिमामय नगरसभाको २०औं अधिवेशसमक्ष विधायन समितिको तर्फबाट प्रतिवेदन पेश गर्ने शुभ अवसर प्रदान गर्नु भएकोमा यस सम्मानित नगर सभाका आदरणीय अध्यक्ष श्रीमान् बासुदेव थापाज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

२. ऐतिहासिक स्थानीय तहको निर्वाचन पश्चात यस सूर्यविनायक नगरपालिकाले संविधान प्रदत्त अधिकार र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को क्षेत्राधिकार भित्र रहेर साविकमा सम्पन्न भएका ऐतिहासिक नगरसभा तथा कार्यपालिकाबाट निम्नानुसार कानून निर्माण भई मौजुदा कानूनको रुपमा कार्यान्वयनमा रहेको व्यहोरा यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| सि. नं | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | मापदण्ड | रणनीति | नीति | आचार सँहिता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३० | ८ | ४३ | २० | ५ | १ | १ | ३ | १११ |

सम-सामयिक रुपमा निर्माण भएका कानूनहरु समयानुकूल परिमार्जन गर्दै परिणाममुखी नतिजा प्राप्तिका लागि अझ उन्नत कानूनको निर्माण गर्दै लैजानु आजको आवश्यकता हो ।

अत : नयाँ कानूनको निर्माण र समयानुकूल परिमार्जनले २०औं सिङ्गो नगरसभा सेवाग्राही प्रतिको सेवाभाव र आमजनताको काम प्रतिको संवेदनशीलतामा थप जिम्मेवार र संवेदनशील बन्दै अघि बढ्नु अपरिहार्य देखिन्छ ।

३. यस नगरपालिकाबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि थप कानूनको आवश्यकता महशुस भएकोले तपसिल बमोजिम मस्यौदा स्वीकृतिको लागि नगरसभा समक्ष प्रस्ताव गर्ने अनुमति चाहन्छु ।

**तपसिल :**

१. घरपालुवा जनावर व्यवस्थापन कार्यविधि, २०८३

२. समस्याग्रस्त सहकारी घोषणा कार्यविधि, २०८३

४. नगर सरकार सञ्चालन एवं व्यवस्थापनमा विधायिका,कार्यपालिका र विधायन समिति बीच परस्पर सहयोग,समन्वय र सद्भावकै फलस्वरुप आज यस सम्मानित नगरसभाको सामु हामी सबैको शीर उच्च र गर्व गर्न लायक बन्दै गएको छ । यसलाई भावि दिनमा समेत थप प्रभावकारिताकासाथ परिणाममुखी बनाउँदै लैजाने साझा जिम्मेवारी हामीमा रहने नै छ ।

५. नगरसभाबाटस्वीकृत भएका र प्रचलित कानूनमुताबिक नगर निर्माण र सरकार सञ्चालन तथा व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउनु हुने श्रद्धेय नगर प्रमुखज्यू-नगरसभाका सदस्यज्यूहरु-प्रमुख प्रशासकीय अधिकृतज्यू-कानूनी सल्लाहकारज्यूहरु-सम्पूर्ण कर्मचारी प्रति आभार व्यक्त गर्दछु ।

अन्ततः २०औं नगरसभाको यस गरिमामय अधिवेशन समक्ष विधायन समितिलाई प्रतिवेदन प्रस्तुत गर्ने शुभअवसर प्रदान गरी दिनु भएकोमा आदरणीय सभाध्यक्षज्यूप्रति हार्दिक आभार प्रकट गर्दै यस सम्मानित २०औं नगरसभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

प्रदीप कार्की
संयोजक
विधायन समिति
मिति २०८३।०३।०९

सूर्यविनायक नगरपालिका,

नगरसभाको बिसौं अधिवेशनको प्रथम बैठकमा पेस भएको,

# राजस्व परामर्श समितिको वार्षिक प्रतिवेदन

## (आ.व. २०८२/०८३)

सूर्यविनायक नगरपालिका,

नगरसभाको बिसौं अधिवेशनको प्रथम बैठकमा पेस भएको,

# राजस्व परामर्श समितिको वार्षिक प्रतिवेदन

# (आ.व. २०८२/०८३)

प्रस्तुत मिति: २०८३/०३/०९

गरिमामय सभाका श्रद्धेय सभाध्यक्ष महोदय,

आदरणीय नगरसभा सदस्यज्यूहरू,

सभाध्यक्षज्यूको अनुमतिले सूर्यविनायक नगरपालिकाको सम्मानित नगरसभाको २०औं अधिवेशनको यस बैठकमा राजस्व परामर्श समितिको आ. व. २०८२/०८३को हालसम्मको वार्षिक प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित छु । स्थानीय सरकारको आर्थिक आधार सुदृढ बनाउन आन्तरिक स्रोत परिचालन र राजस्व व्यवस्थापनमा पारदर्शिता, उत्तरदायित्व, प्रभावकारिता र सहभागितालाई सुनिश्चित गर्नु अपरिहार्य छ। यसै सन्दर्भमा राजस्व परामर्श समितिको भूमिका रणनीतिक सल्लाहकार र सहजीकरणको रूपमा महत्वपूर्ण रहँदै आएको कुरा सर्वविदितै छ।

यस प्रतिवेदनको उद्देश्य नगरपालिकाको आन्तरिक राजस्वसम्बन्धी नीति, संरचना, कार्यान्वयन र सुधारको पक्षमा समिति द्वारा गरिएका प्रयासलाई दस्तावेजी करण गर्नु हो। साथै, वर्तमान अभ्यासको समीक्षा, विद्यमान चुनौतीको पहिचानर आगामी सुधारको लागि सुझाव प्रस्तुत गर्नु पनि यसको मुख्य उद्देश्य हो।

सभाध्यक्ष महोदय,

हामीले वर्षभरिका छलफल, अध्ययन अवलोकन, तथ्य विश्लेषण र सरोकारवालासँगको संवाद लगायतका भएगरेका क्रियाकलापहरुको आधारमा यो प्रतिवेदन तयार पारेका छौं। यस प्रतिवेदनमा समेटिएका सिफारिसहरूलाई नगरसभाले प्राथमिकताका साथ ग्रहण गरी, कार्यान्वयन तर्फ ठोस कदम चाल्नेछ भन्ने विश्वास समेत व्यक्त गर्दछु ।

## १. समितिको संरचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ६५ को व्यवस्था अनुसार राजस्वसम्बन्धी परामर्श, समन्वय र सुझावका लागि सूर्यविनायक नगरपालिकामा राजस्व परामर्श समिति गठन गरिएको हो। यस समितिको संयोजकको जिम्मेवारी नगर उपप्रमुखले निर्वाह गर्ने व्यवस्था रहेको छ भने सदस्यहरू विभिन्न सरोकारवाला निजी क्षेत्रबाट समेत संस्थागतप्रतिनिधित्वको व्यवस्था अनुरुप हाल ७ सदस्यीय समिति क्रियाशील रहेको छ ।

उपर्युक्त समितिले आवश्यकता अनुसार अन्य राजस्व विज्ञ तथा सरोकारवारवाला पदाधिकारीहरुलाई समेत आमन्त्रण गरी बैठकहरू सञ्चालन गर्दै आएको छ।

## २. समितिको उद्देश्य र कार्यक्षेत्र (Objectives and Scope of Work)

यस समितिको प्रमुख उद्देश्य नगरपालिकाको आन्तरिक राजस्व प्रणाली सुदृढ बनाउन नीतिगत सल्लाह, सुझाव र समन्वय प्रदान गर्नु हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठन भएको यस समितिको भूमिका कार्यपालिका र सरोकारवालाबीचको सेतुका रूपमा रहने गरेको छ।

*यसका प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः*

- आन्तरिक स्रोत अभिवृद्धिका लागि रणनीतिक सुझाव प्रस्तुत गर्नु,
- कर प्रणालीलाईप्रभावकारी, पारदर्शी, न्यायोचित र करदातामैत्री बनाउन सल्लाह दिनु,
- राजस्व सम्बन्धी नीति तथा नियमको समीक्षा र सुधारमा टेवा पुऱ्याउनु,
- करको दायरा विस्तार तथा अनुपालन दर वृद्धि गर्न सरोकारवालासँग समन्वय गर्नु,
- नगरपालिकाको हाल सम्मको राजस्व संकलनको अवस्थाको विश्लेषण गर्नु,
- राजस्वका स्रोतहरुको पहिचान र अभिवृद्धि सम्बन्धी रणनीतिहरूको समीक्षा गर्नु,
- हाल सम्मको प्रगतिका उपलब्धि र चुनौतीहरूको प्रस्तुति गर्नु,
- आगामी कार्ययोजनाको लागि सुझाव र सिफारिस पेश गर्नु ।

*यस समितिका कार्यक्षेत्रहरू:*

नेपालको संविधान जारी भई तीन तहको सरकार गठन भए पश्चात स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ बमोजिम नगरपालिकामा राजस्व संकलन, व्यवस्थापन, र उपयोगलाई प्रभावकारी, पारदर्शी, र न्यायोचित बनाउने उद्देश्यले गठित यस राजस्व परामर्श सिमितका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

(क) राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्नु,

(ख) राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नु,

(ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्नु,

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिनु,

(ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिनु,

(च) राजस्व प्रशासन सुधारका लागि आवश्यक परामर्श दिनु।

अतः,

यस समितिको उद्देश्य नगरपालिकालाई आर्थिक रूपमा सुदृढ बनाउँदै विकास र सेवामा जनमुखी र दिगो परिणाम सुनिश्चित गर्नु हो। यसको सक्रियता र प्रभावकारिताले नगरपालिकाको वित्तीय प्रशासनलाई थप व्यवस्थित, आत्मनिर्भर र जनमुखी बनाउँनुको साथै समितिको कामकारवाहीले नीतिगतस्तरदेखि व्यवहारिक कार्यान्वयनसम्म सकारात्मक प्रभाव पार्न मद्दत पुगेको विश्वास गरिएको छ।

## ३. वार्षिक गतिविधिको संक्षिप्त विवरणः

राजस्व परामर्श समितिले आ.व. २०८२/०८३ मा नगरपालिकाको आन्तरिक स्रोत परिचालन तथा राजस्व प्रशासन सुधारका उद्देश्यले विभिन्न बैठक, छलफल तथा सिफारिसमूलक कार्यहरू सम्पन्न गरेको छ। समग्रमा निम्न गतिविधिहरू सम्पन्न गरिएका छन्ः

### ३.१.समिति बैठकहरु

- बैठकहरूमा नगरको आन्तरिक राजस्व वृद्धि, करदातामैत्री सेवा प्रवाह, दर सम्बन्धी समीक्षा, दायरा वृद्धि,व्यवसाय दर्ता प्रणालीको

सुधार, कर तिर्ने समयसीमा तथा जरिवाना पुनरावलोकन लगायतका विषयमा गहन छलफल गरिएको।

- नगर क्षेत्रभिर विभिन्न निकायबाट लगानी भई निर्मित तर हाल सञ्चालनमा नरहेका भौतिक संरचनाहरु तथा राजस्वको दायरामा ल्याउन सकिने सम्भाव्य विभिन्न ५ वटा स्थानहरुको स्थलगत अध्ययन गरी सार्वजनिक निजी साझेदारी (Public Private Partnership-PPP) मोडेलबाट संरक्षण, सम्वर्द्धन र सञ्चालन गर्न आवश्यक अध्ययन गरी सिफारिस गर्न आ. व. २०८२/०८३ मा बजेट विनियोजन गरिएकोमा सिफारिस सहितको अध्ययन प्रतिवेदनका नगर कार्यपालिकाबाट स्वीकृत भएको ।
- आ. व. २०८३/०८४ मा विनियोजित विद्यालयदेखि समुदायसम्म कर शिक्षा कार्यक्रम १० वटा सामुदायिक र १० वटा संस्थागत माध्यमिक विद्यालयहरुमा सञ्चालन गरी करिब १२ सय विद्यार्थिहरु मार्फत समुदायिकमा कर शिक्षा राजस्व दायरा विस्तारलाई प्राथमिकता दिइएको ।
- विज्ञापन करको दायरा बाहिर रहेको विज्ञापनकर्ताहरुको विवरण तयार पारी उक्त प्रतिवेदन समितिलाई प्राप्त भएकोमा आगामी आ. व. बाट नगरपालिकाले नै विज्ञापन कर सङ्कलन गर्ने व्यवस्था मिलाउन सिफारिस गरिएको ।
- आ. व. २०८३/०८४ मा विनियोजित दायरा बाहिरका करदाताहरुको अभिलेख सङ्कलन कार्य सम्पन्न भई समितिमा प्रतिवेदन प्राप्त भएकोमा समितिले त्यसको अध्ययन गरी त्यस्ता

व्यवसाय तथा करदाताहरुलाई करको दायरा भित्र ल्याउने गरी आवश्यक व्यवस्थापन गर्न विषयगत शाखालाई सुझाव दिइएको।

- मोबाइल व्यवसाय दर्ता अभियान सञ्चालन गर्न सिफारि सगरिएको।
- व्यवसाय दर्ता प्रणालीलाई डिजिटल बनाउने तथा अनलाइन भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्न सुझाव दिइएको।
- राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीको क्षमता विकासको लागि अभिमुखीकरण कार्यक्रमहरु गर्न सिफारिस गरिएको,
- चालु आ.व.को लागि स्वीकृत आर्थिक ऐन, २०८२ को कार्यान्वयनलाई समयानुकुल तथा सरल बनाउन प्रथम संशोधनको लागि आवश्यक परामर्श प्रदान गरिएको,
- आगामी आ.व. २०८३/८४ को लागि प्रस्तावित आर्थिक विधेयक, २०८३ कार्यान्वयन सहज समयानुकुल तथा सरल र प्रभावकारी बनाउनको लागि आवश्यक परामर्श प्रदान गरिएको,
- करको दायरा बाहिर रहेका विभिन्न क्षेत्रहरुको स्थलगत अनुगमन गरी करको दायरा फराकिलो बनाइ त्यस्ता क्षेत्रहरु करको दायरा भित्र ल्याउन कार्य प्रस्ताव तयार गरी पेस गरिएको,
- राजस्व सुधार कार्ययोजना, २०८३ तर्जुमा कार्य आरम्भभएको।

- उपरोक्त गतिविधिहरूबाट राजस्व प्रणालीमा सुधारका प्रयास सशक्त बन्दै गएको अनुभूति गरिएको छ, यद्यपि थप व्यवस्थित र दीगो सुधारको आवश्यकता अझै महसुस भएको छ।

## ४. *राजस्व प्राप्तिको विवरण:*


चालु आ.व.को आषाढ ०३ गतेसम्मको अवधिमा राजस्व प्राप्तिको प्रमुख क्षेत्रहरुको विवरण देहाय अनुसार रहेको छ।

(क) **कर राजस्वका प्रमुख क्षेत्रहरुः**

- बहाल करः ५करोड, ७२ लाख, ८७हजार,६ सय २० रुपैंया
- व्यवसाय करः २ करोड, ६९ लाख, ३४ हजार, ४ सय ८१ रुपैंया
- सम्पत्तिकरः३ करोड, १३ लाख, ९३ हजार, ३ सय ८४ रुपैंया

(ख) **गैरकर राजस्वकाप्रमुख क्षेत्रहरुः**

- सिफारिस दस्तुरः ५ करोड, ६६ लाख, ९४ हजार, २ सय ३७ रुपैयाँ
- नक्सापार दस्तुरः ४ करोड,४९ लाख, ७७ हजार, ४ सय ५२ रुपैयाँ
- अन्य दस्तुरः४५ लाख, १७ हजार, ८ सय ५५ रुपैयाँ
- प्रशासनि दण्ड, जरिवाना र जफत :३० लाख, ९४ हजार, ३ सय ३९ रुपैयाँ






**चालु आ. व. को राजस्व संकलन लक्ष्य** ३४ करोड,२२ लाख,३५ हजार रहेकोमा,

**चालु आर्थिक वर्षको २०८३ आषाढ ०३ गतेसम्मको वास्तविक संकलनः**४० करोड,४० लाख,८९ हजार, ५ सय २१ रुपैंया रहेको छ यो प्राप्ति लक्ष्यको करिब ११८.०७ प्रतिशत रहेको छ । दिगो राजस्वको स्रोतको रुपमा नरहेको सूर्यविनायक नगर अस्पतालको करिब १४ करोड आम्दानी यस आर्थिक वर्षको


बीचमा दाखिला हुँदा यस आर्थिक वर्षको करिब एक महिना समयावधि बाँकी रहँदै राजस्व अनुमान भन्दा वास्तविक सङ्कलन करिब १८ प्रतिशत माथि पुगिसकेको छ । आर्थिक वर्षको सुरुवातमा नै मुलुकमा देखापरेको गम्भीर चुनौती र उद्योग, व्यवसायमा परेको असर बाबजुद पनि दिगो करका स्रोतहरुले (सम्पत्ति कर, बहाल कर र व्यवसाय कर) सङ्कलित राजस्वको ठूलो हिस्सा ओगट्नु दीर्घकालीन राजस्व स्रोतका दृष्टिले सकारात्मक छ ।

## गत दुई आ. व. र चालु आ. व. को राजस्व सङ्कलनको प्रक्षेपित लक्ष्य र यथार्थ प्राप्ति बीचको तुलनात्मक विवरण






<u>निष्कर्षः</u> आ. व. २०८१/०८२ को आषाढ ०३ गते अवधिसम्मको राजस्व सङ्कलनको अवस्था र चालु आ. व. २०८२/०८३ को आषाढ ०३ गतेको राजस्व सङ्कलनको अवस्था तुलना गर्दा १०.६५% धनात्मक स्थिति देखिन्छ । सुधारका केही ठाउँहरु रहेपनि भाद्र २३/२४ गतेपछिको मनोवैज्ञानिक स्थिति, व्यावसायिक एवं उद्योगजन्य क्षेत्रमा रहेको त्रास, राजनीतिक अस्थिरताका बीच पनि अघिल्लो वर्षको तुलनामा राजस्व सङ्कलन सुधार देखिनुलाई सन्तोषजनक मान्नुपर्छ ।




<u>निष्कर्षः</u> राजस्व सङ्कलनको वर्तमान परिदृश्य तथा गत आ. व. को स्थिति समेतलाई मूल्याङ्कन एवं विश्लेषण गर्दा चालु आ. व. २०८२/०८३ मा  ४४ करोड लाख हाराहारी राजस्व सङ्कलन हुने देखिन्छ,दिगो राजस्वको स्रोतको रुपमा नरहेको सूर्यविनायक नगर अस्पतालको करिब १४ करोड आम्दानी यस आर्थिक वर्षको बीचमा दाखिला भएकोमा त्यसलाई कटाउँदा बाँकी रहने रकम रु २९,९४,१८,२९३.५८८ (उनान्तिस करोड चौरानब्बे लाख अठार

हजार दुई सय त्रीयानब्बे) जुन गत आ. व. २०८२/०८३ को कुल सङ्कलन २४,७९,०५,९६१.८२ (चौविस करोड उनान्सत्तरी लाख पाँच हजार नौ सय एकसट्ठी) को तुलना गर्दा रकममा रु. ५ करोड १५ लाख र प्रतिशतमा २०दशमलव ७७% बढी प्राप्ति हुने देखिन्छ ।

| क्र . सं. | राजस्व संकलन गर्ने कार्यालय | जम्मा | |
|---|---|---|---|
| १ | सूर्यविनायक नगरपालिका, राजस्व शाखा | २६,८९,२२,२७७ | |
| २ | १ नं. वडा कार्यालय | १,०७,७४,९९०।५० | |
| ३ | २ नं . वडा कार्यालय | १,९२,७५,५५९।०३ | |
| ४ | ३ नं . वडा कार्यालय | ८९,८७,०७२।४६ | |
| ५ | ४ नं . वडा कार्यालय | २,०२,५८,३३६।६२ | |
| ६ | ५ नं . वडा कार्यालय | १,७३,३६,२८३।३५ | |
| ७ | ६ नं . वडा कार्यालय | ९३,८२,२८४।०० | |
| ८ | ७ नं . वडा कार्यालय | १,१६,५२,१९८।३० | |
| ९ | ८ नं . वडा कार्यालय | २,०५,३२,८७४।४५ | |
| १० | ९ नं . वडा कार्यालय | ८५,०१,२८८।०३ | |
| ११ | १० नं . वडा कार्यालय | ८६,६६,४३०।८० | |
| | | ४०,४०,८१,५२१।५४ | चालिस करोड चालिस लाख एकासी हजार पाँच सय एक्काइस |

# सूर्यविनायक नगरपालिका अन्तर्गत कार्यपालिका कार्यालय तथा वडा कार्यालयहरुले आ. व. २०८२/०८३ को आषाढ ०३ गतेसम्म सङ्कलन गरेको राजस्व रकमको विवरण

निष्कर्षः चालु आ. व. २०८२/०८३ को आषाढ ०३ गतेसम्म स्वभाविक रुपमा नगर कार्यपालिकाको कार्यालयमा राजस्व सङ्कलन सबैभन्दा बढी हुँदा वडा कार्यालय तर्फ ८ नं. वडा कार्यालयले सबैभन्दा बढी राजस्व सङ्कलन गर्दै शीर्ष स्थानमा छ भने ४ नं. वडा कार्यालयले पछ्याइरहेको स्थिति देखिन्छ । राजस्व सङ्कलनमा बजार क्षेत्र, भूगोल, बस्ती विकास, जनसङ्ख्या जस्ता क्षेत्रले प्रभाव पार्ने भएपनि विभिन्न वैज्ञानिक सूचकहरुको आधारमा मूल्याङ्कन गरी राजस्वसँग सम्बन्धित कर्मचारी, वडा कार्यालयहरुलाई पुरस्कृत गर्ने अभ्यास गर्दा त्यसले राजस्व सङ्कलनमा थप उत्प्रेरणा र स्वस्थ प्रतिस्पर्धा हुने देखिन्छ ।

## आ. व. २०८२/०८३ को आषाढ ०३ गतेसम्म राजस्व शीर्षक अनुसार सङ्कलनको स्थिति

| क्र. सं. | राजस्व संकेत | राजस्व शीर्षक | सङ्कलित रकम |
|---|---|---|---|
| १ | ११३१२ | बहाल विटौरी कर | ३०,२०,१६६.०० |
| २ | ११३१३ | अन्य बिक्रीबाट प्राप्त रकम | २४,०००.०० |

| | | | |
|---|---|---|---|
| ३ | ११३१४ | सम्पती कर | ३,१३,९३,३८४.९९ |
| ४ | ११६९१ | व्यवसायले भुक्तानी गर्ने | १४,०५०.०० |
| ५ | ११६९९ | अन्य कर | ९२,१४,६६७.०० |
| ६ | १४२१३ | सिफारिस दस्तुर | ५,६६,१४,२३८.७० |
| ७ | १४२२१ | न्यायिक दस्तुर | ७२,०६०.०० |
| ८ | २३३४३ | विज्ञापन कर | ५१,५७,५००.०० |
| ९ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ११,६७,७००.०० |
| १० | १४१११ | बेरुजू | १,२५,६६०.०० |
| ११ | १४२४२ | नक्सापास दस्तुर | ४,४९,७७,४५१.८१ |
| १२ | १४२४५ | नाता प्रमाणित दस्तुर | १,३२,०००.०० |
| १३ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३०,९४,३३९.०० |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २,२४,२००.०० |
| १५ | १४१५१ | सवारी साधन कर (साना सवारी) | ३३,०००.०० |
| १६ | १४२४९ | अन्य दस्तुर | ४६,१७,९४५.५० |
| १७ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | ५१,०१९.५० |
| १८ | ११३२१ | वहाल कर | ५,७२,८७,६२०.२९ |
| १९ | १४२२९ | अन्य प्रशासनिक सेवा | १,१२,५४,०६३.०० |

| | | | |
|---|---|---|---|
| | | शुल्क*(कवाडी कर)* | |
| २० | ११४७१ | अन्य मनोरञ्जन कर | १०,०००.०० |
| २१ | १४२५३ | अन्य राजस्व*(नगर अस्पताल)* | २,५४,०००.०० |
| २२ | १४२६५ | अन्य क्षेत्रको आय | १४,४२,५७,६०७.६० |
| २३ | १४६११ | व्यवसाय कर | २,६९,२८,४८१.०० |
| २४ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३४,१२,७४६.२५ |
| | | **कुल जम्मा** | ४०,४०,८९,५२१.५४ |

<u>निष्कर्ष</u>: आ. व. २०८२/०८३ को आषाढ ०३ गतेसम्मको राजस्व सङ्कलनको स्थितिलाई अध्ययन गर्दा बहाल करबाट सबैभन्दा बढी राजस्व रु ५,७२,८७,६२०.२९।-) सङ्कलन भएको छ । त्यस बाहेक दोस्रो सिफारिस दस्तुर(रु ५,६६,१४,२३८.७०।-), तेस्रो नक्सापास दस्तुर (रु ४,४९,७७,४५१.८१।-), चौथो सम्पत्ति कर (रु ३,१३,९३,३८४.९९।-) र पाँचौं व्यवसाय कर (रु २,६९,२८,४८१।-) शीर्षकबाट राजस्व सङ्कलन भएको देखिन्छ।

## *५. प्रमुख चुनौतीहरु:*

राजस्व सङ्कलनमा देहायका समस्या तथा चुनौतीहरु विद्यमान रहेका छन्ः

- **न्यून प्राथमिकता**ःराजस्व संकलन तथा असुली कार्य कम प्राथमिकतामा पर्नु,
- **करको दायरा फराकिलो बनाउन नसक्नुः** करदाताको संख्या कम हुनु अर्थात अझै धेरै क्षेत्र तथा करदाता करको दायरा बाहिर रहेका छन्।
- **करप्रति जनचेतना अभाव**: कर प्रतिको नागरिकको दायित्त्व र त्यसको महत्वप्रति जनचेतना अभाव रहनु ।
- **स्रोत परिचालनमा एकीकृत दृष्टिकोणको अभाव**: राजस्व सम्बन्धी नीतिगत निर्णयमा योजना र कार्यान्वयनबीचको कमजोर समन्वय।
- **प्राविधिक दक्षता अभाव**: डिजिटल प्रणालीको प्रयोगमा समस्या ।
- तथ्यपरक, यथार्थ राजस्व अनुमान एवं प्रक्षेपण गर्न नसक्नु ।
- **कर प्रशासन प्रभावकारी प्रविधियुक्त, प्रभाकारी र स्रोत साधानयुक्त बनाउन नसक्नु आदि ।**

## *६. आगामी कार्ययोजना:*

यस समितिले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि निम्न कार्ययोजनाहरूमा प्राथमिकता दिने प्रस्ताव गरेको छः

स्वीस सरकारको सहयोगमा नेपाल सरकारको समन्वय र सहजीकरणमा सञ्चालनको हुने "नगरपालिका आन्तरिक राजस्व सुदृढीकरण परियोजना" को लागि देशैभरबाट १४ वटा मध्ये बागमती प्रदेशबाट छनोट भएका तीन वटा स्थानीय तहमा सूर्यविनायक नगरपालिका पनि छनोट भएको व्यहोरा म यस गरिमामय सभामा जानकारी गरादै आगामी ४ वर्षको अवधिसम्म उक्त परियोजनासंगको समन्वय तथा सहकार्य आन्तरिक राजस्व सुदृढीकरणमा योजनावद्ध रुपमा अघि बढ्न विभिन्न महत्त्वपूर्ण कार्य योजनालाई प्राथमिकता दिने प्रस्ताव गरिएको व्यहोरा निवेदन गर्दछु ।

अन्त्यमा,

राजस्व परामर्श समितिले आ. व. २०८२/०८३ मा आन्तरिक स्रोत परिचालनमा सुधार, करका दायराहरु विस्तार,राजस्व नीतिमा पारदर्शितार करदातासँगको सहकार्य प्रवर्द्धन गर्ने दिशामा उल्लेखनीय प्रयासहरू गरेको छ। प्रस्तुत प्रतिवेदनले समितिका गतिविधिहरूको दस्तावेजीकरण गर्दै नगरको समग्र आर्थिक सुदृढीकरणमा योगदान पुऱ्याउने विश्वास गरिएको छ।राजस्व प्रशासनलाई सक्षम, उत्तरदायी र आधुनिक बनाउन समितिले प्रस्तुत गरेका सिफारिसहरू कार्यान्वयनतर्फ अग्रसर हुने अपेक्षा गरिएको छ। करदाताको विश्वास र सहभागिता वृद्धि गर्न नीति, प्रविधि र

प्रशासनबीच सशक्त समन्वय आवश्यक देखिन्छ। आगामी दिनहरूमा थप समावेशी, वैज्ञानिक र उत्तरदायी राजस्व प्रणाली निर्माण गर्न समिति अझ क्रियाशील र रणनीतिक भूमिका निर्वाह गर्न प्रतिबद्ध छभन्दै, यो प्रतिवेदन प्रस्तुतीकरणयहीसम्पन्न भएको ब्यहोरा निवेदन गर्दछु ।

हार्दिक धन्यवाद ! नमस्कार!!

<u>प्रस्तुतकर्ता</u>

**राजस्व परामर्श समिति संयोजक**

नाम : सरिता तिमसिना भट्टराई

हस्ताक्षर :

मिति :२०८३/०३/०९

न्यायिक समितिले सम्पादन गरेको कार्यको

नगर प्रमुखज्यू मार्फत सम्मानित

नगरसभाको २०औं अधिवेशनमा पेश गरेको

# वार्षिक प्रगति प्रतिवेदन ।

# न्यायिक समितिले सम्पादन गरेको कार्यको
# नगर प्रमुखज्यू मार्फत सम्मानित
# नगरसभाको २०औं अधिवेशनमा पेश गरेको
# वार्षिक प्रगति प्रतिवेदन ।

**आदरणीय सभाध्याक्षज्यू**

१. सूर्यविनायक नगरपालिकाको यस गरिमामय नगर-सभाको २०औं अधिवेशको यस बैठक समक्ष न्यायिक समितिको तर्फबाट प्रतिवेदन पेश गर्ने शुभ-अवसर प्रदान गर्नु भएकोमा नगर-सभाका आदरणीय अध्यक्ष श्री बासुदेव थापाज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**न्यायिक समितिको क्षेत्राधिकार :**

नेपालको संविधानको धारा २१७ मा न्यायिक समितिको गठन सम्बन्धी व्यवस्था छ भने स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४६ देखि सोही ऐनको दफा ५३ सम्म न्यायिक समितिले न्याय निरुपण गर्दा अप्नाउनु पर्ने कानूनी कार्यविधिको व्यवस्था सम्बन्धी उल्लेख छ ।

आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न नगरपालिकामा नगर उप प्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने र न्यायिक समितिमा नगर सभाबाट आफू मध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु रहने कानूनी व्यवस्था संविधानमा उल्लेख छ भने स्थानीय सरकार सञ्चालन ऐन,२०७४को दफा ४७ को उपदफा (१)अन्तर्गत १३ वटा विवादको विषयमा न्यायिक समितिलाई

निरुपण गर्ने अधिकार हुनेछ भने सोही ऐन को दफा ४७ को उपदफा (२) अन्तर्गत पर्ने ११ वटा विवादहरुमा न्यायिक समितिलाई मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार हुनेछ ।

सूर्यविनायक नगरपालिका न्यायिक समितिमा दर्ता भएका विवादको हालसम्मको विवरण :

| शीर्षक | ४७ (१) | ४७ (२) | जम्मा |
|---|---|---|---|
| आ.व.०८१/०८२ सम्मको अ.ल्या. | ११ | २५ | ३६ |
| आ.व.०८२/०८३ मा दर्ता भएका विवाद | १६ | १७ | ३३ |
| हालसम्म दर्ता भएका कूल विवाद | २७ | ४२ | ६९ |
| आ.व.०८२/०८३ मा फछ्र्यौट भएको संख्या | १९ | २१ | ४० |
| फछ्र्यौट हुन बाँकी विवाद | ८ | २१ | २९ |

## विवाद फछ्र्यौटको पुष्ट्याँई

| विवाद फछ्र्यौटको पुष्ट्याइँ | ४७ (१) |
|---|---|
| १.मेलमिलापकर्ताबाट मेलमिलाप भएको | १० |
| २.न्यायिक समितिबाट निर्णय भएको | १२ |
| ३.पुनरावेदनका लागि अदालत पठाइएको | ०५ |
| ४.मूलतवी | ०१ |
| ५.तामेलीमा रहेको | १२ |
| ६.कूल फछ्र्यौट संख्या | ४० |

सूर्यविनायक नगरपालिकाको मिति २०८३ साल जेष्ठ १९ गते प्रकाशित सूचना अनुसार  आ.व.२०८३/०८४ सालको लागि नगर तथा दशवटै वडाको मेलमिलाप केन्द्रमा रही विवाद निरुपणे कार्यमा ईच्छुक भक्तपुर जिल्ला सूर्यविनायक नगरबासी मेलमिलापकर्ताहरुले अनलाइन मार्फत फर्म भरी सूचीकृतका लागि प्राप्त हुन आएको कूल संख्या ६३ (त्रीसट्ठी) जना मेलमिलाकर्ताको नामावली अनुमोदनका लागि यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

## वडा नं. १

| क.स | मेलमिलापकर्ताको नाम | सम्पर्क नं. | |
|---|---|---|---|
| १ | श्यामकृष्ण श्रेष्ठ | ९८४१४२०९५९ | पु |
| २ | गमला थापा | ९८६१५८५६८० | म |
| ३ | सन्दीपा कायस्थ | ९७६५३४०९३५ | म |
| ४ | सगुन मिश्र | ९८४९०७१४९१ | पु |
| ५ | श्री कष्ण वाग्ले | ९८४९८३७९६३ | पु |

## वडा नं. २

| क.स | मेलमिलापकर्ताको नाम | सम्पर्क नं. | |
|---|---|---|---|
| १ | कपिल कार्की | ९८५१०५२३९८ | पु |
| २ | रिता लामिछाने | ९८४३१४११६६ | म |
| ३ | सुमित्रा सुवेदी | ९८४५१३३९५३ | म |
| ४ | कल्पना खतिवडा | ९८४१८७४६६० | म |
| ५ | सुजाता रेग्मी | ९८४१४०२६७६ | म |
| ६ | कुन्ता वन | ९८४२५०३६०८ | म |

| | | | |
|---|---|---|---|
| ७ | अप्सरा पौडेल अधिकारी | ९८४१४७७४७५ | म |
| ८ | रीता पौडेल | ९८४९३९९४४४ | म |
| ९ | कमल काफ्ले | ९८४१८८५६०० | पु |
| १० | विना श्रेष्ठ | ९८४१९४७५५७ | म |

वडा नं. ३

| क.स | मेलमिलापकर्ताको नाम | सम्पर्क नं. | |
|---|---|---|---|
| १ | अनुष्का भट्टराई | ९८५१२४६८६४ | म |
| २ | रुपा देवी सेढाई (प्रसाई) | ९८४१८१८७५४ | म |
| ३ | सुनिता श्रेष्ठ | ९८४३००४२२६ | म |
| ४ | तुलसा वस्नेत | ९८४९६६४२०९ | म |
| ५ | मैना नेउपाने | ९८४११५२४०३ | म |
| ६ | मन्दिरा भण्डारी | ९८६०६६४३५४ | म |

**वडा नं. ४**

| क.स | मेलमिलापकर्ताको नाम | सम्पर्क नं. | |
|---|---|---|---|
| १ | भगवती शिवाकोटी | ९८६०१३६८१६ | म |
| २ | दिपक न्यौपाने | ९८४१३९३८२९ | पु |
| ३ | सितादेवी लुईटेल | ९८४१५१७५४६ | म |
| ४ | रमिला घिमिरे | ९८४५९६०७८८ | म |
| ५ | खिलेन्द्र हरि लुइटेल | ९८५१०५३७३५ | पु |
| ६ | इन्द्र कुमारी भट्टराई | ९८४२११२८५८ | म |
| ७ | जीबन खत्री | ९८५१००६४२० | पु |

## वडा नं. ५

| क.स | मेलमिलापकर्ताको नाम | सम्पर्क नं. | |
|---|---|---|---|
| १ | उमा पौड्याल | ९८४१२८३०२१ | म |
| २ | मिना देवी अधिकारी | ९८४१७७२०१७ | म |
| ३ | ललिता खरेल(देपकोटा) | ९८४९१७००४९ | म |
| ४ | कमला पोखरेल | ९८६०१३७९३९ | म |
| ५ | लक्ष्मी कुमारी कटुवाल | ९८४३४५३५६६ | म |
| ६ | सरस्वती जोशी | ९८४१६२१६३९ | म |
| ७ | निर्मला राई | ९८४३०३८९०९ | म |
| ८ | इन्दिरा देवी उपाध्याय | ९८४१३६०२४० | म |
| ९ | कपिला आचार्य | ९८४५५९८३५९ | म |
| १० | राजेश्वरी प्रजापति | ९८४११३१९०५ | म |
| ११ | विनिता आचार्य | ९८६०६८८८२७ | म |
| १२ | मिठु देवी भट्टराई | ९८४१३९४४९३ | म |
| १३ | गिता विसुंके(पुर्कुटी) | ९७४२४५५८३२ | म |
| १४ | रञ्जु अधिकारी (पौडेल) | ९८४३२६००३६ | म |

## वडा नं. ६

| क.स | मेलमिलापकर्ताको नाम | सम्पर्क नं. | |
|---|---|---|---|
| १ | बद्रि देउजा | ९८४१३९४८०६ | पु |
| २ | मधुसुदन चालिसे | ९८५११३८०९५ | पु |
| ३ | सिमा थापा | ९८०३२९७५४१ | म |
| ४ | माधव गोतामे | ९८४१३५३४३९ | पु |

## वडा नं. ७

| क.स | मेलमिलापकर्ताको नाम | सम्पर्क नं. | |
|---|---|---|---|
| १ | गिता पंडित बस्नेत | ९८४३४८९२७९ | म |
| २ | विमला राजभण्डारी | ९८४११३६५०८ | म |
| ३ | गणेश वाग्ले | ९८०३२९८७८५ | पु |
| ४ | कोपिला मैनाली | ९८४३५५७६४० | म |
| ५ | शुशिला वाग्ले | ९८४१०१२५३३ | म |

## वडा नं. ८

| क.स | मेलमिलापकर्ताको नाम | सम्पर्क नं. | |
|---|---|---|---|
| १ | सावित्री मिश्र | ९८४१७१५२१० | म |
| २ | राधिका संजेल | ९८४११३३४७६ | म |
| ३ | कल्पना नेपाल थापा | ९८४३३०९०७२ | म |

## वडा नं. ९

| क.स | मेलमिलापकर्ताको नाम | सम्पर्क नं. | |
|---|---|---|---|
| १ | श्याम सुन्दर कासुला | ९८५११९८०९७ | पु |
| २ | निर्मल महत | ९८६०३१३१७४ | पु |
| ३ | मदन कुमार महत | ९८५१०९३४४ | पु |
| ४ | विकास खड्का | ९८५१२७९२२५ | पु |
| ५ | जनक भण्डारी | ९८४१६४८०२१ | पु |

**वडा नं. १०**

| क.स | मेलमिलापकर्ताको नाम | सम्पर्क नं. | |
|---|---|---|---|
| १ | समिक्षा श्रेष्ठ | ९८५८४२३७४५ | म |
| २ | करिष्मा थापा देउजा | ९८४२०५३७६३ | म |
| ३ | राम कुमार कार्की | ९८६०१८०७७० | पु |
| ४ | सुनिता देउजा(सिलवाल) | ९८४१७८६७६७ | म |

क.महिला जम्मा संख्या :४५जना

ख.पुरुष जम्मा संख्या : १८जना

कूल संख्या : ६३जना

गरिमामय नगर सभाको २०औं अधिवेशन यस बैठक समक्ष न्यायिक समितिको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्ने शुभ अवसर प्रदान गर्नु भएकोमा आदरणीय सभाध्याक्षज्यू प्रति हार्दिक आभार व्यक्त गर्दै यस सम्मानित नगर सभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

सरिता तिमसिना भट्टराई

संयोजक

न्यायिक समिति

मिति २०८३।०३।०९

नगरसभाको २०औं अधिवेशनको पहिलो बैठकमा

सूर्यविनायक नगरपालिकाको

# "नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन"

गरिमामय सभाका श्रद्धेय सभाध्यक्षज्यू,

आदरणीय नगरसभा सदस्यज्यूहरु,

सभाध्यक्षज्यूको अनुमतिले, यस गरिमामय नगरसभाको २०औं अधिवेशनको पहिलो बैठकमा सूर्यविनायक नगरपालिकाको **"नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन"** सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु।

## १. पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ र सूर्यविनायक नगरपालिकाको योजना तथा कार्यक्रम अनुगमन कार्यविधि, २०७९ को परिच्छेद- ३, दफा ९ बमोजिम गठित नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले आर्थिक वर्ष २०८२/०८३ को हालसम्ममा सञ्चालित विकास आयोजना, कार्यक्रम तथा सेवा प्रवाहको अनुगमन तथा सुपरीवेक्षण गरेको छ। यस प्रतिवेदनमा समितिले गरेको अनुगमनका मुख्य निष्कर्ष, उपलब्धि, समस्या तथा सुझावहरू समावेश गरिएको छ।

## २. अनुगमनको उद्देश्य

पब्लिक पर्सको सही सदुपयोग गरी निर्धारित समय र लागतमा नै प्रभावकारी तवरले वृहत्तर हितमा योजना र कार्यक्रम कार्यान्वयन गर्नुको साथै सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउननै अनुगमनको मुख्य उद्देश्य हो । यसका साथसाथै,

- नगरस्तरीय तथा वडास्तरीय योजनाहरूको कार्यान्वयनको अवस्था पहिचान गर्ने ।
- योजनाहरूको प्राविधिक गुणस्तर र लागत अनुमान बमोजिम काम भए/नभएको एकिन गर्ने ।
- योजना र कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि सुझाव पेस गर्ने ।
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्ने ।

३. <u>अनुगमन गरिएका मुख्य क्षेत्रहरू</u>

चालु आ. व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा हालसम्म देहायका क्षेत्रहरु अन्तर्गतका योजना तथा कार्यक्रमहरुको अनुगमन गरिएको ।

- **भौतिक पूर्वाधार विकासः**सडक, खानेपानी, ढल तथा भवन निर्माण आयोजनाहरू।
- **सामाजिक क्षेत्रः**शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा लक्षित वर्गका कार्यक्रमहरू।
- **आर्थिक क्षेत्रः**कृषि, पर्यटन तथा रोजगारमूलक कार्यक्रमहरू।
- **सेवा प्रवाहः**नगरपालिका कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूबाट प्रवाह हुने प्रशासनिक सेवाहरू।

- **उद्योग, व्यवसाय तथा बजार क्षेत्रः** उपभोक्ताको हित प्रवर्द्धन गर्न, गुणस्तर कायम गर्न र वातावरणीय पक्षलाई ख्याल गरी उद्योग, व्यवसाय तथा बजार क्षेत्र अनुगमन ।
- **वातावरण तथा विपद् व्यवस्थापनः**फोहोरमैला व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरण।
- **राजस्व प्रशासनः** नगरपालिकाको राजस्व प्रशासनको प्रभावकारिता र सुदृढीकरण ।

## ४. योजना कार्यान्वयनको संक्षिप्त अवस्था

आ. व. २०८२/०८३ को हालसम्ममा तपसिलका कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षण गरी आवश्यक पृष्ठपोषण समेत प्रदान गरियो ।

१. आर्थिक वर्ष २०८२।०८३हालसम्ममानगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन गरिएको योजनाहरुको संख्या १७९ वटा छ भने वडा स्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भएको योजनाको संख्या १६३ रहेको छ । यसक्रममा सम्बन्धित पक्षलाई देहायका सुझावहरु प्रदान गरिएको छ ।

   क) योजना सम्झौता र कार्यदिश बमोजिम निर्माण कार्य शुरु गर्ने,सम्पन्न गर्ने तालिकालाई अवलम्बन गरेको नदेखिएकाले समय तालिका बमोजिम कार्य सुचि पालना गर्न सुझाव दिइएको,

ख) गुणस्तर र परिमाणमा लेका जोखा राखु पर्ने,

ग) योजनाको पार्दशिताको लागि योजना सम्वन्धी विवरणहरु सहित सूचना पाटीको व्वस्था गर्न अनिवार्य गर्नुपर्ने

घ) सार्वजनिक संरचनासामुदायिक भवन),पाटीपौवा/,खानेपानि ट्यांकीनिर्माण गर्दा पालना गर्नुपर्ने मापदण्ड अनिवार्य रुपमा ( पालना गर्न लगाईएको

ङ) सडकको क्षेत्राधिकारमा मात्रै सिमाकंन पर्खाल निर्माण गर्न तोकिएको

च) योजानको परिमाणमा र गुणस्तरीयता कायमका लागि संम्वन्धित पक्षहरुको अनुगमनलाई नियमितता दिईएकोनिर्माण अघि/प्रयोगशाला परिक्षण/,बिचमा र सम्पन्न पछिका फोटोहरु अनिवार्य गरिएको

छ) सार्वजनिक भेला पछिका सार्वजनिक परिक्षणहरुलाई अनिवार्य गरिएको।

२. योजना तथा कार्यक्रमलाई जनसहभागीतामा आधारित एवं पारदर्शी बनाउन सूचना पाटी र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्न जोड दिएको ।

३. सार्वजनिक संरचना निर्माण गर्दा पालना गर्नुपर्ने मापदण्डलाई अनिवार्य, योजनाको गुणस्तरीयता कायम गर्न सूचक सहितको अनुगमनलाई नियमितता, प्रयोगशाला परीक्षण निर्माण पूर्व,निर्माणको चरण र निर्माण पश्चातमा गरिएका कामहरुको

तस्वीर योजना फरफारक गर्दा अनिवार्य रुपमा ल्याउनु पर्ने व्यवस्था गरिएको ।

४. यस अवधिमा सामुदायिक विद्यालयमा आवश्यक सहजीकरण गरिएको र संस्थागत विद्यालयमा अनुगमन गरी विद्यालयमा रहेका कमी कमजोरीहरु पहिचान गरी तत्कालिन तथा दीर्घकालीन सुधारको लागि लिखित र मौखिक सुझावहरु दिइएको ।

५. बजार अनुगमनको क्रममा नगरपालिका भित्र रहेका विभिन्न उद्योग तथा व्यवसायहरुको स्थलगत अनुगमन तथा सुपरीवेक्षण गरी सुधारको लागि लिखित तथा मौखिक रुपमा निर्देशन दिइएको र उद्योग व्यवसाय दर्ता नभएकाहरुलाई नियमानुसार नगरपालिकाको दर्ता प्रक्रियामालेराइएको।

६. आयोजना बैंक तयारी गरी त्यसको सफ्टवेयर निर्माण कार्य पनि अन्तिम चरणमा रहेकोमा त्यसले पूर्वतयारी पूरा भएका र उच्च -प्रतिफल दिने योजनाहरूलाई मात्र् प्राविधिक सूचकका आधारमा डिजिटल माध्यमबाट छनोट, वर्गीकरण र अनुगमन गर्ने हुनाले यसले बजेट विनियोजन अभ्यासलाई व्यवस्थित गरी पूँजीगत खर्चको प्रभावकारिता, वित्तीय सुशासन र नतिजामुखी विकास प्रणालीलाई संस्थागत गर्ने प्रयास भएको छ।

७. सबै नगर कार्यपालिकाको कार्यालय तथा १० वटै वडाहरुका राजस्व प्रशासन अन्तर्गत राजस्व संकलन तथा असुली लगायत समग्र आन्तरिक राजस्व प्रशासनको प्रभावकारिता, विश्वसनीयता, वित्तीय सुधार एवं सुदृढीकरण तर्फ स्थलगत अनुगमन गरी थुप्रै सुधारका सुझावहरु प्रदान गरिएको छ ।

## ५. <u>अनुगमनका मुख्य उपलब्धि र सबल पक्षहरू</u>

योजना तथा कार्यक्रमहरुको अनुगमनबाट गुणस्तरीण कार्यसम्पादनमा सहयोग पुग्नुका अलावा देहायका पक्षमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

- अन्तरार्ष्ट्रियस्तरमा देखिएको द्वन्द र त्यसले नेपाली बजारमा परेको प्रतिकुल प्रभावका कारण निर्माण सामाग्रीहरु अभाव,मूल्य वृद्धि लगायतका समस्या सिर्जना भई नगरपालिकाकायोजनाहरूको भौतिक प्रगतिमा प्रतिकुल प्रभाव पारेको देखिन्छ।
- उपभोक्ता समितिहरूमा महिला सहभागिता र जनश्रमदानमा पनि सक्रियता क्रमशः बढेको ।
- प्राविधिक टोलीद्वारा नियमित रूपमा नापजाँच र गुणस्तर परीक्षण गर्ने कार्य प्रभावकारी भएको।
- वडाहरूमा सार्वजनिक सुनुवाइ (Public Hearing) गर्ने परिपाटीले पारदर्शिता बढेको।

- प्रत्यक्ष अनुगमन तथा सुपरीवेक्षणले नागरिक- नगर सम्बन्ध विस्तारमा सहयोग पुगेको ।

## ६. <u>अनुगमनका क्रममा देखिएका मुख्य समस्या र चुनौतीहरू</u>

योजना तथा कार्यक्रमहरु अनुगमनका दौरान निम्नलिखित समस्या र चुनौतीहरु देखा परेका छन् । ती समस्या र चुनौतीहरुको सामयिक समाधान हुन सके योजना तथा कार्यक्रम कार्यान्वयनको लागत र समय घट्नुका साथै प्रभावकारिता समेत वृद्धि हुने देखिन्छ ।

- **ढिलासुस्ती**ःकतिपय आयोजनाहरू सम्झौता भए तापनि समयमै कार्य प्रारम्भ हुन नसकेको ।
- **गुणस्तरमा चुनौती**ःकतिपय योजना तथा कार्यक्रमका कार्यहरूमा तोकिएको मापदण्ड र गुणस्तर कायम गर्न कठिनाइ देखिएको।
- **प्राविधिक जनशक्तिको अभाव**ःधेरै योजनाहरू एकैपटक सञ्चालन हुँदा प्राविधिक सुपरीवेक्षण पर्याप्त हुन कठिनाइ रहेको ।
- **क्षमता विकास तालिमको अपर्याप्तता**ःविषयगत शाखा, उपभोक्ता समिति, प्राविधिक र सम्बद्ध सबै पक्षहरुमा तालिमको अपर्याप्तताले अभिलेख व्यवस्थापन, कार्यान्वयन जटिलता, ढिलासुस्ती जस्ता समस्या बढेको ।
- **एकीकृत अभिलेखीकरणको अभाव**ःविभिन्न विषयगत शाखाहरुमार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा आपसी समन्वय र जानकारीको कमीले एकीकृत अभिलेखीकरणमा चुनौती देखिएको ।

## ८. <u>आगामीकार्यदिशारसुझावहरू</u>

योजना तथा कार्यक्रम अनुगमनका क्रमका देखिएका, अनुभूत गरिएका विषयवस्तुहरुका आधारमा तपसिलका सुझावहरु ग्रहण गरी आगामी दिनमा सो अनुरुप अघि बढ्न सके अपेक्षित लक्ष्य हासिल गर्न सहज हुने देखिन्छ ।

- **<u>समयमै कार्य सम्पन्न</u>**: म्याद थप गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै समयमै कार्य सम्पन्न गर्ने उपभोक्ता समिति र ठेकेदारलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउँदा प्रभावकारी हुने ।
- **<u>अनिवार्य सार्वजनिक सुनुवाइ</u>**: प्रत्येक योजनाको अन्तिम भुक्तानी दिनुअघि अनिवार्य रूपमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्ने ।
- **<u>क्षमता अभिवृद्धि कार्यक्रम</u>**: विषयगत शाखा, प्राविधिक जनशक्ति, उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरी योजना तथा कार्यक्रम कार्यान्वयनलाई गति प्रदान गर्नु।
- **<u>प्रभावकारी कार्यान्वयन</u>**: कार्यपालिकाबाट स्वीकृत वार्षिक खरिद योजना, कार्यान्वयन कार्य योजना, कार्यक्रम सञ्चालन निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।
- **<u>प्राथमिकता निर्धारण</u>**: प्राथमिकता निर्धारण गरीयोजना तथा कार्यक्रमहरू समयमै सम्पन्न हुने गरीव्यवस्थापन गर्ने ।

- <u>प्रतिफलयुक्त आयोजनामा लगानी सुनिश्चितता</u>ः सामुदायिक भवनहरु र सार्वजनिक संरचनाहरु समेत कतिपय अपुरो रहेका, पूरा भएका समेत प्रयोगविहीन रहेका,सञ्चालन र व्यवस्थापनमा कठिनाइ सामना गरिरहेकाले प्रतिफलयुक्त आयोजनामा मात्र लगानी सुनिश्चित गर्ने ।

## ८. निष्कर्ष

समितिले गरेको अनुगमनबाट नगरपालिकाको विकास प्रक्रिया सकारात्मक दिशामा अघि बढेको पाइएको छ। तथापि, उठेका समस्याहरूको समयमै सम्बोधन गरी कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आवश्यक छ। यस प्रतिवेदनलाई नगरसभाले स्वीकृत गरी आवश्यक निर्देशन प्रदान गर्नुहुन हार्दिक अनुरोध गर्दै यो प्रतिवेदन प्रस्तुतीकरण यही सम्पन्न भएको ब्यहोरा जानकारी गर्दछु।

**हार्दिक धन्यवाद! नमस्कार !**

<u>प्रस्तुतकर्ता</u>

**नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समिति संयोजक**

नाम : सरिता तिमसिना भट्टराई

हस्ताक्षर :

मिति :२०८३/०३/०९

# सूर्यविनायक नगरपालिकाको
# लेखा समितिको वार्षिक प्रतिवेदन

# सूर्यविनायक नगरपालिकाको लेखा समितिको वार्षिक प्रतिवेदन

नगर सभाको २०औं अधिवेशनका आदरणीय सभाध्यक्षज्यू,

नगरसभाका उपाध्यक्षज्यू

नगर सभाका सचिवज्यू,

उपस्थित नगर सभा सदस्यज्यूहरु र

नगर सभा सचिवालयका कर्मचारीहरु ।

नगरसभाको गरिमामय २० औं अधिवेशनमा सूर्यविनायक नगरपालिकाको लेखा समितिको तर्फबाट तयार गरिएको चालू आ.व.को प्रतिवेदन तथा प्रस्ताव, २०८३ यस गरिमामय सभासमक्ष पेश गर्न समय उपलब्ध गराउनु भएकोमा नगरसभाका अध्यक्षज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

नगरसभाका आदरणीय सभाध्यक्षज्यू,

सूर्यविनायक नगरपालिकाको नगरसभाको एघारौं अधिवेशनबाट मेरो संयोजकत्वमा लेखा समिति गठन भई क्रियाशील रहेको छ । यसबीचमा सूर्यविनायक नगरपालिकाको सभाका समितिको कार्यसंचालन नियमावली, २०८० जारी भई सोही बमोजिम लेखा समितिले आफ्नो काम कारवाही गर्दै आएको छ । औपचारिक रुपमा समिति गठन भएदेखि नै लेखा समितिले नगरपालिकाको आर्थिक क्रियाकलापलाई व्यवस्थित गर्न विभिन्न चरणमा बैठक तथा छलफल गर्दै आएको व्यहोरा समेत जानकारी गराउँछु । पछिल्लो समय लेखा समितिले महालेखा परीक्षकको कार्यालयबाट नगरपालिकाको अन्तिम लेखापरीक्षणको क्रममा औंल्याएका पेश्की, असुल उपर गर्नुपर्ने र नियमित

गर्नुपर्ने बेरुजु फर्छ्यौटको लागि विभिन्न चरणमा बैठक तथा छलफल कार्यलाई अगाडि वढाएको छ।

बेरुजुको दफावार छलफलका क्रममा असुल उपर गर्नुपर्ने बेरुजु, पेश्की बेरुजु, नियमित गर्नुपर्ने बेरुजु र सैद्धान्तिक बेरुजुहरुको वर्गीकरण गरी असुल उपर गर्नुपर्ने र पेश्की बेरुजुका सन्दर्भमा सम्बन्धित व्यक्ति तथा संस्था/निकायलाई पत्राचार गरी असुल उपर गर्ने प्रकृयाको थालनी भई सकेको यस गरीमामय सभा समक्ष जानकारी गराउदछु ।साथै गत बर्ष सभाबाट नियमित भएको रु २ करोड २६ लाख ६६ हजार ६ सय ७८ रकम बरावरको वेरुजु संपरिक्षणबाट फछर्यौट भइ लगत कट्टा भएको व्यहोरा समेत यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**नगरसभाका आदरणीय सभाध्यक्षज्यू,**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन तथा नियमावली बमोजिम आर्थिक अनुशासन कायम गर्नका लागि सम्पूर्ण आर्थिक कारोबारहरु विद्युतीय भुक्तानी माध्यमबाट गर्नुपर्ने व्यवस्थालाई पूर्णरुपमा कार्यान्वयन गरिएको छ ।

लेखा समितिको कार्यक्षेत्र र कार्य जिम्मेवारी अनुसार सामुदायिक विद्यालयहरुको लेखा परीक्षक नियुक्त गरी २९ वटै विद्यालयहरुको लेखा परीक्षण कार्य सम्पन्न भई सकेको व्यहोरा सभा समक्ष जानकारी गराउदछु ।

सूर्यविनायक नगरपालिकाको बजेट निकासा तथा खर्चको अवस्था विश्लेषण गर्दा हालसम्म कुल आय रु.२ अर्व ४२ लाख २१ हजार रहेकोमा चालू खर्च तर्फ रु. ४९ करोड ४२ लाख १० हजार र पूजीगत खर्च तर्फ

५९ करोड ५४ लाख ६९ हजार गरी जम्मा १ अर्व ०८ करोड ९६ लाख ७९ हजार खर्च भएको छ । यसरी हालसम्मको खर्च अनुसार प्रगति प्रतिशत ५२।२ मात्र रहेकोले यथासमयमा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नेतर्फ विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

**आदरणीय सभाध्यक्षज्यू,**

अव म नगरसभाबाट स्वीकृत हुनुपर्ने केही प्रस्तावहरु सम्मानित सभाका अधिवेशन समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आ व २०८१/८२ मा महालेखा परिक्षकको कार्यलयबाट अन्तिम लेखापरिक्षणको क्रममा औल्याइएको प्रचलित कानून अनुसार नियमित गर्नुपर्ने बेरुजु रकम रु २ लाख ७५ लाख ४३ हजार ८ सय ३२ यसै सभासमक्ष नियमित फछ्र्यौट गर्न पेश गर्दछु ।

**गरिमामय यस नगरसभाको अध्यक्षज्यू एवं नगरसभा सदस्य ज्यूहरु,**

यसमा सभाका सदस्यहरुबाट लेखा समितिको क्रियाशीलता र कार्यसंपादनका लागि रचनात्मक सुझाव सहित प्रस्तुत प्रतिवेदन पारित गर्न सहयोग हुने विश्वास लिएको छु । यस प्रतिवेदन तयारी, छलफल तथा लेखनका क्रममा आफ्नो अमूल्य समय र रचनात्मक सुझाव उपलब्ध गराउनुहुने नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखा समितिका सदस्य मित्रहरु, नगरसभाका सदस्यज्यूहरु र सम्पूर्ण कर्मचारीहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । धन्यवाद ।

# सूर्यविनायक नगरपालिकाको
# आर्थिक विकास समिति वार्षिक प्रतिवेदन
# २०८३

गरिमामय सभाका सभाध्यक्षज्यू,

श्रीमान् सभाध्यक्ष ज्यूको अनुमतिले यस गरिमामय नगरसभाको २० औं अधिवेशनको पहिलो बैठकमा सूर्यविनायक नगरपालिकाको आर्थिक विकास समितिको हालसम्मको प्रगति प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

**आर्थिक विकास समिति सम्वन्धी संक्षिप्त जानकारीः**

सूर्यविनायक नगरपालिकाको आर्थिक विकास समिति अन्तर्गत आर्थिक विकास सग प्रत्यक्ष जोडीएका कृषि विकास शाखा,पशुपन्छी विकास शाखा,श्रम,रोजगार तथा पर्यटनप्रवर्द्धन शाखा ,उद्यम ब्यवसाय प्रवर्धन तथा उपभोक्ताहित संरक्षण शाखा र सहकारी शाखा गरी जम्मा ५ वटा शाखाहरु रहेका छन् । ९ सदस्य समितिमार्फत शाखाका कार्यक्रम लाई ब्यवस्थित र प्रभावकारी ढंगले नगरवासी समक्ष प्रवाह गर्न मार्गदर्शन र सहजीकरण गर्दै नगर क्षेत्रको समग्र आर्थिक बिकासका लागि नयाँ नयाँ आयामहरु को खोजी गर्ने, अनुसन्धान गर्ने र लागु गर्ने विषयमा समिति सामाजिक जिम्मेवारी वोधकासाथ लागिरहेकोछ, लागिरहनेछ ।

अब मसभाध्यक्षज्यूको अनुमतिले शाखागतरुपमा हालसम्मको प्रगति विवरण प्रस्तुत गर्दछु।

**१. कृषि विकास शाखातर्फः**

**कूल बजेट विनियोजनः**रु.२,१३,२५,०००(दुई करोड तेह्र लाख पच्चीस हजार)

कूल खर्चः रु.१,०७,२१,४४८(एक करोड सातलाख एकाईस हजार चार सय अठचालिस)

वित्तिय प्रगति प्रतिशतः ५०.२५ प्रतिशत

१. २१५ वटा जैविक तथा रासायनिक विषादी वितरण गरिएको।
२. ३१३८ कम्पोजिट पाकेट उन्नत जातका तरकारी (हिउदे/वर्षे) को बिउ १० वटै वडामार्फत वितरण गरिएको।
३. कृषि उद्योग तथा पर्यटन मेला कार्यक्रम अन्तर्गत ५ स्थानमा घूम्ती हाटबजार सञ्चालन गरिएको।
४. ४ जना पुरुष र २४ जना महिला गरी जम्मा २८ जनालाई पुष्प व्यवसायीहरुलाई पुष्प सामाग्री तयार गर्ने ३ दिने तालिम सञ्चालन गरिएको।
५. सहरी क्षेत्रका लागि कौसीखेती तालिम तथा सामाग्री वितरण कार्यक्रम अन्तर्गत ५० महिला र १५ जना पुरुष गरी ६५ जना लाई कौसी खेती तालिम तथा कौसी खेतीमा प्रयोग हुने सामाग्रीहरु वितरण गरिएको ।
६. फूलखेती कार्यक्रम निरन्तरता अन्तर्गत २६० जनालाई कृषकलाई 57200 सयपत्री फूलको बेर्ना वितरण गरिएको।
७. इन्द्रेनी फ्लोरा सूर्यविनायक वडा नं. ८ मा फूलखेती कार्यक्रम सञ्चालन भई भुक्तानी भैसकेको।
८. माटो जाँच गरेका कृषकहरुलाई ४०० बोरा कृषि चून वितरण गरिएको ।

९. व्यवसायिक कृषकहरुको मागमा आधारित कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा ३० वटा मिनि टिलर ५ वटा थ्रेसर र ५ वटा मकै छोडाउने मेशिन वितरण गरिएको।

१०.माटो जाँच कार्यक्रम अन्तर्गत सार्वजनिक सूचना प्रकाशन गरी वडा नं.४,५,६,७,८,९ र १० का २०५ जना कृषकहरुको माटो जाँच संकलन गरी माटो जाँच गर्ने कार्य सम्पन्न भैसकेको।

११.५० प्रतिशत अनुदानमा थोपा सिंचाइ कार्यक्रम अन्तर्गत वडा नं.८ मा १, वडा नं.९ मा ४ र वडा नं. १० मा ६ वटा थोपा सिंचाइ कार्यक्रम सम्पन्न भैसकेको ।

१२.कृषि प्रवर्द्धन कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत १५० थान इलेक्ट्रिक स्प्रेयर  र २०४ थान प्लाष्टिक टनेल ५० प्रतिशत अनुदानमा १० वटै वडामा वितरण भैरहेको।

१३.अनुदानको रासायनिक मल बिक्री वितरण गरिरहेका सहकारी/कृषि फर्महरुसँग १ दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको ।

१४.कम्पोष्ट मल तालिम तथा सयपत्री फूल बेर्ना वितरण कार्यक्रम अन्तर्गत, वडा नं.१० मा सेतीदेवी पुष्प फर्म र सुनिता एकीकृत कृषि फार्मबाट कार्यक्रम सञ्चालन भैरहेको ।

१५.मिनि टिलर मर्मत सम्भार तालिम २९ जना पुरुष र १ जना महिला गरी ३० जना सहभागीहरुलाई २ दिने मिनि टिलर मर्मत सम्बन्धी तालिम संचालन गरिएको।

१६. गोलभेडामा लाग्ने टुटा नियन्त्रणका लागि जैविक विषादी/ट्र्याप वितरण ३२० पिस वितरण भैरहेको।

१७. लहरे तरकारी बालीमा लाग्ने औसा किरा नियन्त्रणको लागि एल्लो स्टिकर १००० पिस र ट्र्याप ४०० पिस वितरण भैहेको।

१८. अनुदानको रासायनिक स्थानीय तह व्यवस्थापन समिति बैठक तथा अनुगमन २०८२ साउन महिनादेखि जेठ मसान्तसम्म विभिन्न मितिमा १८ वटा बैठक संचालन भएको ।

१९. हालसम्म कृषि सामाग्री कम्पनी लि. र साल्ट ट्रेडिङ कर्पोरेशनबाट युरिया मल ८५४० बोरा (४२७ मे.टन) र डिएपी मल ५१०० बोरा (२२५ मे.टन) वितरण गरिएको।

२०. कृषि सिंचाइ मिटरको लागि ५ वटा कृषि फर्मलाई विद्युत प्राधिकरणमा सिफारीस गरिएको।

२१. तरकारी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत सूर्यविनायक न. पा. ८ प्रदेश सशर्त १५ वटा फलामको टनेल र ४ वटा बाँसको टनेल निर्माण कार्यका लागि सम्झौता भई वडा नं.८ मा कार्यक्रम सञ्चालन भैरहेको।

२२. बिमलेश्वर कृषि सहकारीबाट २८ जना स्थानीय कृषकहरुलाई रैथाने बाली सम्बन्धी तालिम तथा बिउ वितरण कार्यक्रम सम्पन्न भएको।

२३. कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम संघिय सशर्त कृषि तथ्यांक संकलनका लागि स्थानीय तह अन्तर्गत सूर्यविनायक नगरपालिका वडा नं. १, ३, ४, ५, ७, ८,

९ र १० मा नमुना छनौट (Sampling) विधिमा आधारित वार्षिक कृषि सर्वेक्षण कार्यक्रम साथै कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रमको प्रथम चरण अन्तर्गत १३५३ घरधुरी संख्या कृषक सूचिकरणको कार्य सम्पन्न भएको

२४.आ.व.२०८२।०८३ मा तरकारी बालीको नयाँ पकेट विकास कार्यक्रम संघिय सशर्त

२५. वडा नं. १० मा २ वटा र वडा नं. ४ मा १ कृषि फर्मसँग सम्झौता गरि वडा नं. १० को पूर्णिमा कृषि फर्म र वडा नं. ४ को गाम्चा अर्गानिक कृषि फर्मलाई भुक्तानी भैसकेको । वडा नं. १० को बस्नेत पशुपन्छी तथा कृषि फर्मको भुक्तानी भएको।

## २. पशुपन्छी विकास शाखातर्फः

**कूल बजेट विनियोजनः**रु.१,०४,५०,०००(एक करोड चार लाख पचास हजार)

**कूल खर्चः**रु.३८,५१,००९(अठतिस लाख एकाउन्न हजार नौ रुपया)

वित्तिय प्रगति प्रतिशतः ३६.८५ प्रतिशत

१. बाख्रा प्रवर्धन कार्यक्रम अन्तरगत वडा नं ८ र १० का २ जना कृषकहरु सँग सम्झौता गरि निर्माण कार्य भइरहेको।

२. मिट मार्ट सुदृढीकरण कार्यक्रम अन्तरगत वडा नं २ बालकोट स्थित २ वटा मासु पसल सँग सम्झौता गरि निर्माण कार्य भइरहेको।

३. आधारभुत भेटेरिनरी प्रयोगशाला कार्यक्रम अन्तर्गत प्रयोगशाला स्थापना कार्यक्रमको लागि सामग्री खरिद प्रकृया भइरहेको।

४. पशु प्राविधिक जनशक्ति व्यवस्थापन अन्तर्गत वडा नं १, ४ र ७ हेर्ने गरि १ जना र वडा नं ८, ९ र १० हेर्ने गरि १ जना प्राविधिक नियुक्ति गरिएको।

५. सामुदायिक कुकुर व्यवस्थापन वडा नं १ देखि १० सम्म ८९२ वटा कुकुर बन्ध्याकरण गरिएको।

६. पशुपन्छी उपचार कार्यक्रम अन्तर्गत हाल सम्म ४६२ घर धुरिबाट ६८२ गाई, १८ भैंसी, ९९१ बाख्रा, ३१८३ कुखुरा/हाँस, ११० कुकुर/बिरालो गरी जम्मा ५४४६ वटा पशु तथा पन्छीमा निःशुल्क परजिबी नियन्त्रण तथा उपचार गरियो।

७. ५०% अनुदानमा ६१ वटा काउ म्याट, ५ वटा १० लि.को क्यान, ५ वटा २० लि.को क्यान वितरण गरिएको।

८. खोरेत, लम्पी स्कीन डिजिज तथा पी.पी.आर रोग विरुद्ध खोप कार्यक्रम संचालनमा रहेको।

९. ६५० के.जी. जै घाँसको बिउ बिभिन्न वडाका ४८ कृषकहरुमा वितरण गरेको।

१०. पशु उपचारलाई थप सहजिकरण गर्न Cow lifting machine, Hoof cutter, Metal detector, Bolus gun, Douche can (Uterine cleanser) तथा Drenching gun खरिद गरिएको।

११. महामारी नियन्त्रण कार्यक्रम अन्तर्गत 552 सामुदायिक तथा घरपालुवा कुकुरहरुमा रेबिज रोग विरुद्धको खोप लगाएको।

१२. कृत्रिम गर्भाधानको लागि आवश्यक सामग्री खरिद गरि १७५१ गाई, ६६ भैंसी र ४ बाख्रामा कृत्रिम गर्भाधान भएको।

१३. घरपालुवा कुकुर बिरालो दर्ता गर्ने कार्यक्रम अन्तर्गत वडा नं २ मा संचालन गरि हाल सम्म १२ वटा कुकुर दर्ता भइसकेको र थप कार्यक्रम नगरपालिका बाटै संचालनमा रहेको।

१४. वडा नं ८ स्थित चक्कु खोला छेउमा करिव १० वटा अव्यवस्थित ढंगले सञ्चालन गरिएको बंगुर फार्मलाई अन्यत्र व्यवस्था गरिएको।

१५. वडा नं २, ४, ७ र ८ मा जम्मा ५ वटा रेविज लागेको कुकुर नियन्त्रण गरिएको।

**३. उद्यम व्यवसाय प्रवर्धन तथा उपभोक्ता हित संरक्षण शाखातर्फः**

**कूल बजेट विनियोजनः**रु.८१,६०,०००(एकासी लाख साठी हजार)

**कूल खर्चः**रु.३५,६२,०००( पैतिस लाख बैसठ्ठी हजार)

वित्तिय प्रगति प्रतिशतः४३.६५

१. नयाँ लघु उद्यमी सृजना तर्फ ५९ जना लाई उद्यमशीलता विकास तालिम हासिल गराईएको छ ।

२. उद्यमशीलता विकास तालिम हासिल गर्नुभएका ५७ जनालाई नयाँ ब्यवसाय तर्फ उन्मुख गराउन मागमा आधारित ६ प्रकारका (वारिष्टा, कुक, केसश्रृङ्गार सामाग्री ,अचार टमेटो केचप, उलन बुकेफुल र सिलाई कटाईविषयमा सिपहासील गराईएकोछ) सिपहासिल गर्नु भएका मध्ये ३० प्रतिशतले सम्वन्धित विषयमा व्यवसाय संचालन गर्न शुरु गर्नु भएको पाईएकोछ।

३. गत विगत वर्षहरुमा सिप हासिल गरी ब्यवसाय तर्फ उन्मुख भएका ४१ जना उद्यमीहरुलाई निजको आवश्यता र मागका आधारमा **(उनी वस्तु बुनाई, ब्युटीपार्लर, मखमलीजुत्ता र फेसनडिजाईन)**विषयमा स्तरोन्नती सीपविकास तालिम दिइएको छ।सीपहासिल गर्नु भएका मध्ये ८० प्रतिशत रोजगार तथा स्वरोजगार भएको पाईएकोछ।

४. स्थानीय उद्यम प्रवर्धन तथा बजारीकण विकासका लागि नगरपालिका क्षेत्रका सम्भाव्य स्थानमा नियमीत स्थानीय हाटबजार संचालन गर्ने उदेश्यका साथकृषि विकास शाखासग सहकार्यगरी वडा नं.२,४,७,८ र ९ मा १ दिने घुम्ती हाटबजार कार्यक्रम सचालन गरिएको छ ।

५. ब्यवसाय दर्ता नविकरण अभियान कार्यक्रम अन्तर्गत दर्ता नभएका १२०८ वटा उद्यम ब्यवसायलाई व्यवसाय स्थलमै पुगि ब्यवसाय दर्ता गर्न सुझाउदै ब्यवसाय दर्ताकालागि पत्रबुझाईएको छ।

६. नियमीत बजार अनुगमन कार्यक्रमबाट हालसम्म विभिन्न प्रकृतिका ५६ वटा उद्यम ब्यापार ब्यवसायको अनुगमन निरीक्षण गरिएकोछ ।

७. व्यवसाय नियमन तर्फ हाल सम्म भएको प्रगति देहाय अनुसार रहेको छ ।

- उद्योग ब्यापार दर्ता संख्या २६३ वटा
- नविकरण संख्या८९४ वटा।
- पुजी वृध्दी संख्या १८ वटा।
- नामसारी संख्या ६ वटा।
- दर्ता खारेजी संख्या २६ वटा।
- घ वर्ग निर्माण इजाजत जारी २८ वटा।
- घ वर्ग निर्माण इजाजत नविकरण १९१ वटा।

८. भूमि समस्या समाधान तर्फ सूर्यविनायक नगरपालिकामा भूमिहिन दलित भूमिहिन सुकुम्वासी र अब्यवस्थित बसोवासीको जम्मा निवेदन संख्या ५३ वटा पेश हुन आएकोमा उक्त निवेदनहरु अनलाईन प्रणालीमा दर्ता भई नगर सहजिकरण समितिको बैठक सम्पन्न गरी प्रमाणीकरण प्रकृयाकालागि दर्ता भएका निवेदनहरु सम्वन्धित वडा कार्यालयहरुमा पठाईएको छ।

९. सूर्यविनायक नगरपालिका वडा नं. ८ मा कोशेली घर र उद्यम घर संचालन गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

४. **श्रम,रोजगार तथा पर्यटन प्रवर्द्धन शाखा तर्फः**

**जम्मा कूल** बजेटः १,१८,७२,००० (एक करोड अठार लाख बहत्तर हजार)

**जम्मा कूल खर्चः**५०,४७,९४३(पचास लाख सत्चालिस हजार नौ सय त्रीचालिस)

**वित्तीय प्रगतिः**४२**प्रतिशत**

१. सीप विकास तालिमतर्फः

- दिने Electrical Repair र Plumbing सम्बन्धी Advance- २५ जना
- नेपाली हाते कागजबाट निर्मित व्याग तथा डायरी बनाउने- १७ जना
- ब्लाङ्केट कभर तथा सपिङ्ग झोला बनाउनेः २० जना
- सेल्स पर्सन तालिमः २० जना
- आन्तरिक रोजगारी सिर्जना अन्तर्गत सिलाई कटाईः २० जना
- होमस्टे (घरवास) ३ दिने क्षमता विकासः ३० जना
- उद्यमशिलता विकास तालिम (३ दिन): १८ जना

२. पर्यटकीय क्षेत्रको डिजिटल प्रोफाइल निर्माण तथा प्रचार प्रसार कार्यक्रम अन्तर्गत पर्यटन प्रवर्द्धनका लागि **एकीकृत पर्यटन सूचना व्यवस्थापन प्रणाली** विकास गरिएको।

३. पर्यटन प्रवर्द्धन कार्यक्रमलाई थप प्रभावकारी बनाउने उद्देश्यले पर्यटन क्षेत्रको वृतचित्र निर्माण कार्यक्रम अन्तिम चरणमा रहेको।

४. तमु ल्होसार पर्वको अवसरमा **आशापुरी तामाङ्ग सामुदायिक होमस्टेको** विधिवत उद्घाटन गरिएको।

५. होमस्टे प्रवर्द्धन कार्यक्रम अन्तर्गत ३ दिने होमस्टे अध्ययन अवलोकन भ्रमण कार्यक्रम २७ जना होमस्टेकर्मीको सहभागितामा सम्पन्न भएको।

६. ३६० जनालाई समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण तथा सूचना प्रवाह सम्बन्धी कार्यक्रम सम्पन्न भएको।

७. वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाः

- ७ जना बालबालिकाहरुलाई छात्रवृत्तीको लागि अनलाइन डाटा ईन्ट्री गरेर वैदेशिक रोजगार बोर्डमा पठाइएको।
- १ जना मुटु रोगीको लागि पारिवारिक स्वास्थ्य उपचारको लागि वैदेशिक रोजगार बोर्डमा पठाइएको।
- १ जना विदेशमा मृत्यु भएको व्यक्तिको शव झिकाउने जस्ता वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवामा सहजीकरण गरिएको।

८. तवैदेशिक रोजगारीमा जाने १५ जनालाई पुनःश्रम स्वीकृतिको लागि सहजीकरण गरिएको।

९. सुरक्षित आप्रवासी स्रोत केन्द्रबाट २२५६ जनालाई परामर्श सेवा प्रदान गरिएको।

१०. आ.व. २०८३/८४ का लागि पुरुष ७० जना र महिला २९२ जना गरी जम्मा ३६२ जना बेरोजगारको तथ्याङ्क सूचीकरण गरिएको।

११. रिट्र्नी फेडरेशन नेपाल, भक्तपुर नामक संस्थाबाट प्राप्त विवरण अनुसार सूर्यविनायक नगरपालिकाभित्र बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु ३९६ जना रहेको।

## ५. सहकारी तथा संघ संस्थाशाखा तर्फः

**जम्मा कूल** बजेटः ४५,००,००० ( पैतालिस लाख)

**जम्मा कूल खर्चः**१५,३०,२४८(पन्ध्र लाख तीस हजार दुई सय अठचालिस)

**वित्तीय प्रगति प्रतिशतः**३४ प्रतिशत

### क. सहकारीतर्फः

१. सहकारीसंघ १ सूचीकृत गरी हाल सहकारीसंस्थाकोजम्मा संख्या २०७ पुगेको। १५१ वटा सहकारी संस्था नविकरण गरिएको। सहकारी सस्थाहरुको लेखापरीक्षक नियुक्ति स्विकृती १५० लाई प्रदान गरिएको।

२. वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत सहकारी संस्थाहरुलाइ दुइ चरणमा जोखिम व्यवस्थापन तालिम । एक पटक कोपोमिस तालिम र सहकारी दिवसको अवसरमा एक दिवसीय अभिमूखीकरण कार्यक्रम संचालन गरियो र वित्तीय व्यवस्थापन तथा pearls अनुगमन प्रणाली तालिम प्रदान गरियो।

३. १५ वटा सहकारी संस्थाहरुको विनियम संशोधन तथा पुनःलेखन प्रमाणीकरण गरिएको।

४. हाल सहकारी संस्था नविकरण बापत, नविकरण जरिवाना र मासिक प्रतिवेदन जरिवाना बहाल कर बापत राजश्व संकलन गरिरएको ।

५. सहकारी क्षेत्रमा देखिएका वेथिति न्युनिकरण तथा सुधारका लागि हाल सम्म १४ वटा सहकारी संस्थाहरुको अनुगमन गरिएको छ।

६. सूर्यविनायक नगरपालिका कार्यक्षेत्र भई संचालनमा रहेका ११ वटा महिला सहकारी संस्थाहरुलाई मागमा आधारित प्रविधिमा हस्तान्तरण कार्यक्रम अनुसार कम्प्युटर तथा प्रिन्टर कार्यक्रम सामग्री हस्तान्तरण गर्न मात्र बांकी कार्यक्रम अन्तिम चरणमा रहेको।

७. सहकारीसँग सम्बन्धित उजुरी व्यवस्थापन तथा समस्या समधानका प्रकिया अगाढि बढाइएको।

**संघसंस्थातर्फः**

१. **संघसंस्थादर्ताः**

- खानेपानी उपभोक्ता समिति दर्ता ३ वटा,
- खानेपानी उपभोक्ता समिति सूचीकरण २ वटा,
- टोल सुधार समिति दर्ता ८ वटा,
- संघ/संस्था/समुह/समिति/ समाज/क्लव दर्ता ७ वटा,
- संघ संस्था सूचीकरण १८ वटा,
- योजना उपभोक्ता समिति दर्ता २१ वटा गरिएको ।

२. **संघसंस्था नविकरणः**

- दर्ता भएका खानेपानी उपभोक्ता समिति नविकरण ८ वटा
- सूचीकृत खानेपानी उपभोक्ता समिति नविकरण ९ वटा
- टोल सुधार समिति दर्ता नविकरण ३५ वटा
- संघ संस्था समुह समिति समाज क्लव नविकरण २९ वटा
- सूचीकृत संघ संस्था नविकरण ७४ वटा
- योजना उपभोक्ता समिति नविकरण ५वटा गरिएको छ ।

३. गैर सरकारी संघ संस्थाहरु दर्ता, अभिलेखन, सिफारिस तथा प्रशासनिक कार्यहरु हुनुको साथै आवश्यक क्षेत्रमा पत्राचार तथा समन्वय गर्ने र संघ संस्थाहरुको दर्ता, सूचीकरण, नविकरण र बहाल कर बुझिलिने कार्य भइरहेको छ ।

४. सुर्यविनायक नगरपालिकामा संचालनमा रहेका गैर सरकारी संस्थाहरुको परिचालन व्यवस्थापन समन्वय तथा नियमनका साथै चालु आ. व. २०८२/८३ गै.स.स.हरुबाट संचालन भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्था सहितको प्रगति समिक्षा बैठक सम्पन्न भएको।

५. अनुगमन सुपरिवेक्षणलाई नियमित अगाढि बडाउने कार्यको सुरुवाती गरिएको  र हालसम्म ६ वटा संस्थाहरुको अनुगमन भइसकेको ।

**अन्त्यमाः यस गरिमामय सभामा पेश गरिएको आर्थिक विकास समितिको वार्षिक प्रगति प्रतिवेदनका सम्बन्धमा अमूल्य सल्लाह सुझावको अपेक्षा राख्दै प्रगति प्रतिवेदन प्रस्तुतीका लागि समय उपलब्ध गराउनु भएकोमा सभाध्यक्षज्यू प्रति हार्दिक आभार व्यक्त गर्दै विदा हुन चाहन्छु।**

धन्यवाद !

पुष्पराज बस्नेत

संयोजक

आर्थिक विकास समिति

# सूर्यविनायक नगरपालिका
# सामाजिक विकास समितीको वार्षिक प्रगति
# समीक्षा २०८२-८३

सूर्यविनायक नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

कटुञ्जे, भक्तपुर

बागमती प्रदेश, नेपाल

श्रीमान् नगर सभाध्यक्षज्यूको आज्ञाले आ.व. २०८२/०८३ कोसामाजिक विकास समितिको वार्षिक प्रगति समीक्षा प्रतिवेदन यस गरियामय सभामा पेश गर्न चाहन्छु।

सामाजिक विकास समिति अन्तर्गत निम्न शाखाहरु रहेका छन्।

- **शिक्षा, युवा तथा खेलकुद शाखा**
- **जनस्वास्थ्य शाखा**
- **सूर्यविनायक नगर अस्पताल**
- **सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा**
- **लैङ्गिक विकास तथा समावेशीकरण शाखा**

**क. शिक्षा, युवा तथा खेलकुद शाखाः**

**<u>शिक्षा तर्फको प्रगति विवरण</u>**

- चालु आ.व. को जेष्ठ मसान्तसम्म शिक्षा, युवा तथा खेलकुद शाखामा संघीय सशर्त, प्रदेश अनुदान तथा नगरपालिकाबाट विनियोजित बजेट मध्ये कुल बजेटको क्रमश: ८१.२६%,७६.३४% र ५६.११% वित्तीय प्रगति भएको छ।
- सामुदायिक विद्यालयमा स्थायी, राहत, करार, प्रशिक्षक तथा अनुदानमा कार्यरत प्राथमिक तहका १७६ जना निम्न माध्यमिक तहका ५४जना माध्यमिक/उच्च माध्यमिक तहका ५१ जना,

पूर्व प्राथमिक तहका ४३ जना र विद्यालय कर्मचारी ४४ जना शिक्षक/कर्मचारीहरुलाई मासिक रुपमा तलब भत्ता निकासा गरिएको छ।

- सामुदायिक विद्यालयका ५८ जना प्रधानाध्यापक तथा शिक्षकहरु सहभागी गराई अपाङ्गताको प्रारम्भिक पहिचान सम्बन्धी दुई दिने अभिमुखीकरण सम्पन्न गरी पूर्व प्राथमिक तहदेखि कक्षा ३ सम्मका २४२६ जना विद्यार्थीहरुको अपाङ्गताको प्रारम्भिक पहिचान (Disability Screening) कार्यक्रम सम्पन्न गरिएको छ।
- सामुदायिक विद्यालयमा कार्यरत २४ जना शिक्षकलाई सूचना प्रविधि सम्बन्धी ५ दिने क्षमता विकास कार्यक्रम सम्पन्न गरिएको छ।
- सामुदायिक विद्यालयका ५८ जना प्रधानाध्यापक तथा शिक्षकहरु र संस्थागत विद्यालयका ४२ जना प्रधानाध्यापक तथा शिक्षकहरु सहभागी गराई शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धी १/१ दिने तालिम सञ्चालन गरिएको छ।
- शैक्षिक सत्र २०८२ मा संस्थागत विद्यालयहरुले विद्यार्थीहरुलाइ प्रदान गरिने छात्रबृती व्यवस्थापन गर्न सूर्यविनायक नगरपालिकाको विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७८ (संशोधन सहित) को व्यवस्था अनुसार नगरपालिकामा सञ्चालित ६० वटा विद्यालयका ३०२५ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको छ।
- सूर्यविनायक नगरपालिकामा सञ्चालित ६० वटै संस्थागत विद्यालयहरुको स्तरीकरण गरी वर्ग अनुसार शुल्क निर्धारण गरिएको छ।

- हरित विद्यालयको अवधारणा अनुसार सम्पूर्णसामुदायिक तथा संस्थागत विद्यालय सहभागी गराइ अभिमुखीकरण पश्चात २७ वटा सामुदायिक विद्यालयहरुलाई जम्मा २७५सेट गमला तथा फुलका बिरुवा वितरण गरिएको र सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा हरित विद्यालय कार्यक्रम सञ्चालन भई कार्यान्वयनको चरणमा रहेको छ।
- सामुदायिक विद्यालयका प्रधानाध्यापक/शिक्षकहरुका लागि सकारात्मक सोच विकासका लागि २१ जना प्रधानाध्यापक/ शिक्षकहरु सहभागी गराइ नमूना विद्यालयहरु भ्रमण गरी असल अभ्यास साटासाट गरिएको छ।
- सामुदायिक विद्यालयहरुमा शैक्षिक क्रियाकलापमा एकरुपता ल्याउनका लागि नगरपालिकाले शैक्षिक क्यालेण्डरनिमार्ण गरी लागू गरिएको छ ।
- शिक्षकहरुको शिक्षण सिकाइ क्रियाकलापलाई योजनबद्द तवरले सञ्चालन गर्न सहयोग पुग्ने उद्देश्यका साथ ३२५ वटा शिक्षक डायरी छपाई गरी विद्यालयहरुमा प्रत्येक शिक्षकलाई वितरण तथा कार्यान्वयनमा ल्याइएको छ ।
- SEEपरीक्षा दिएर बसेका ३०० जना विद्यार्थीहरु सहभागी गराइ See Future after SEEकार्यक्रम सञ्चालन गरी कक्षा विषय तथा क्षेत्र छनौटमा सहजीकरण गरिएको छ।

- नगर स्तरीय आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा समितिको निर्णय अनुसार शैक्षिक सत्र २०८२ को नगर स्तरीय परीक्षा सञ्चालन गरी परीक्षामा सम्मिलित १६३० जना विद्यार्थीहरु मध्ये ग्रेडेड विद्यार्थी १६०३ जना विद्यार्थीहरुको ग्रेडसिट प्रमाणपत्र सम्बन्धित विद्यालयहरुलाई वितरण गरिएको छ।
- नगरपालिकामा सूचीकृत १४ जना तेस्रो पक्ष विज्ञहरुबाट सघन विद्यालय अनुगमनबाट २७ वटा सामुदायिक विद्यालय तथा सो विद्यालयमा कार्यरत शिक्षकहरु लाभान्वित भएका छन्।
- गणतन्त्र दिवसको अवसरमा नगरपालिकाका २६ वटा सामुदायिक तथा संस्थागत विद्यालयका २६ जना विद्यार्थीहरु सहभागी गराइ "गणतान्त्रिक शासन व्यवस्थामा शिक्षा" शीर्षकमा वक्तृत्वकला प्रतियोगितामा सञ्चालन गरी विजयी विद्यार्थीहरुलाई नगर पुरस्कार सहित सहभागी सबैलाई प्रमाणपत्र प्रदान गरिएको छ।
- स्काउट कार्यक्रम सञ्चालित १३ वटा सामुदायिक विद्यालयहरुलाई सूर्यविनायक नगरपालिका स्थानीय स्काउट कार्यलयको वार्षिक मुल्याङ्कनको आधारमा तीन लाख रुपैया प्रोत्साहनअनुदान उपलब्ध गराइएको छ।
- नगरपालिका भित्र स्काउट शिक्षाको प्रवर्द्धनका लागि स्थानीय स्काउट कार्यालयद्वारा एकदिने स्काउट कप/ब्राउनी सम्मेलन, पि.टि.सी र कव वि.टि.सी. तालिम, स्काउटर भेला, मा.वि. स्तरीय हाजिरी जवाफ प्रतियोगिता, स्काउट मार्चपास प्रतियोगिता, स्काउट शिक्षक सम्मान कार्यक्रम,श्रावण महिनाभरडोलेश्वर मन्दिरमा स्काउट सर्भिस क्याम्प सञ्चालन गरिएको छ।

- नगरपालिकामा शिक्षाको गुणस्तर सुधारका लागि सामुदायिक विद्यालयको कक्षा ४ देखी १० सम्मको विद्यालयस्तरीय परीक्षाहरुको प्रश्नपत्र विज्ञ शिक्षकहरुद्वारा निर्माण गराइ परीक्षा सन्चालन गर्ने व्यवस्था गरिएको छ ।
- सामूदायिक आधारभूत विद्यालयहरुको विद्युत तथा पिउने पानीको महसुल आन्तरिक श्रोतबाट तिरिदिने व्यवस्था गरिएको छ ।
- जनप्रतिनिधि सहित सामुदायिक तथा संस्थागत विद्यालयहरुको अनुगमन निरीक्षण गरी शैक्षिक संस्थाहरुको सुदृढीकरणका साथै सुशासन र पारदर्शितामा जोड दिएको छ।
- नेपाल सरकारको सशर्त अनुदानबाट प्राप्त भएका विद्यालय तथा शिक्षक/विद्यार्थीमा आधारित कार्यक्रम तथा क्रियाकलापहरु सम्पूर्ण रुपम सम्पन्न भइ सकेका छन्।

## खेलकुद तर्फको प्रगति विवरण

- सूर्यविनायक नगरपालिका स्तरीय ३ दिने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा ८९६ विद्यार्थीहरु सहभागी गराइ विभिन्न ४ स्थानमा प्रतियोगिता सञ्चालन गरी विधागत तथा खेलगत उत्कृष्ट विद्यार्थी तथा विद्यालयहरुलाई प्रमाणपत्र, मेडल, ट्रफि सहित नगद पुरस्कार वितरण गरिएको छ।
- मेयर कप अन्तर क्लब फुटसल प्रतियोगितामा २५ वटा क्लबका २५० जना खेलाडी/कोज/क्लब मेनेजरसहभागी सहित सञ्चालन गरीउत्कृष्ट खेलाडी तथा क्लबलाई नगद पुरस्कार सहित ट्रफि, मेडल, प्रमाणपत्र वितरण गरिएको छ।

- सूर्यविनायक मेयर कफ अन्तर क्लब ब्याडमिन्टन प्रतियोगितामा सञ्चालित प्रतियोगितामा ८ वटा क्लबका ८० जना खेलाडी/कोज/क्लब मेनेजर सहभागी सहित सञ्चालन गरी उत्कृष्ट खेलाडी तथा क्लबलाई नगद पुरस्कार सहित ट्रफि, मेडल, प्रमाणपत्र वितरण गरिएको छ।
- नगर खेलकुद विकास समितिको निर्णयबाट ३ जना फुटबल प्रशिक्षक व्यवस्थापन गरी उमेर समूह ४ देखि १६ वर्षका १३२ जना खेलाडीहरु सहभागी गराई सार्वजनिक विदाका दिनमा नियमित रुपमा ग्रासरुट फुटबल प्रशिक्षण गरिएको छ।
- जिल्ला स्तरीय मेयर कप फुटसल प्रतियोगितामा २४ वटा क्लबका २४० जना खेलाडी/कोज/क्लब मेनेजर सहभागी सहित सञ्चालन गरी उत्कृष्ट खेलाडी तथा क्लबलाई नगद पुरस्कार सहित ट्रफि, मेडल, प्रमाणपत्र वितरण गरिएको छ।
- जिल्ला स्तरीय सूर्यविनायक चेस च्याम्पियनसिपमा ६२ जना खेलाडी सहभागी सहित सञ्चालन गरीउत्कृष्ट खेलाडीहरुलाई नगद पुरस्कार सहित ट्रफि, मेडल, प्रमाणपत्र वितरण गरिएको छ।

## ख. जनस्वास्थ्य शाखातर्फको वित्तीय प्रगति

| क्र स. | जम्मा कार्यक्रम | प्रकार | कुल भौतीक प्रगतीः | कुल वित्तीय प्रगतीः | कैफियत |
|---|---|---|---|---|---|
| १ | २६ | संघ सशर्त अनुदान | | ८६.२१ प्रतिशत | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ५ | प्रदेश सर्शत अनुदान | | ५६.२० प्रतिशत | |
| ३ | २२ | नगरपालिका आन्तरिक कोष | | २८.४९ प्रतिशत | |

**जनस्वास्थ्य शाखा प्रमुखउपलब्धीहरु**

- सूर्यविनायक नगरपालिकाका सबै आधारभूत स्वास्थ्य संस्थामार्फत महिला ८५,३७६ र पुरुष ६०,७७१ गरी कुल १,४६,१४७ जनालाई निःशुल्क तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिएको छ। यसअन्तर्गत खोप, पोषण, सुरक्षित मातृत्व, नवजात शिशु, परिवार नियोजन, क्षयरोग, प्रयोगशाला सेवा तथाऔषधि वितरण लगायतका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन भई नागरिकको स्वास्थ्य सेवामा पहुँच र गुणस्तरमा उल्लेखनीय सुधार आएको छ।
- सूर्यविनायक नगरपालिकाको आयोजनामा अपाङ्गता भएका व्यक्ति, उहाँहरूको परिवार तथा जेष्ठ नागरिक लक्षित बृहत विशेषज्ञ सेवा सहितको निःशुल्क घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिएकोमा उक्त शिविरमा सामान्य चिकित्सा, हाडजोर्नी, फिजियोथेरापी, स्त्री रोग, प्रयोगशाला, भिडियो एक्सरे, स्वास्थ्य परामर्श, जेष्ठ नागरिक सेवा तथा निःशुल्क औषधी वितरण सहितका सेवाबाट ९२७ जना लाभान्वित भएका छन्।
- क्षयरोगमुक्त नगर अभियान अन्तर्गत समुदायमा क्षयरोगको संक्रमण दर न्यूनीकरण गर्ने उद्देश्यले निःशुल्क डिजिटल AI X-Rayसहितका ५ स्थानमा छाती रोग शिविर सञ्चालन गरिएको

उक्त शिविरहरूबाट ११४१ जनाको स्वास्थ्य परीक्षण गरिएकोमा २३ जना क्षयरोगी पहिचान भई हाल सम्म ११९ जना यस नगर क्षेत्रभित्र क्षयरोगका विरामीहरु उपचारको दायरामा रहेका छन् ।

- सूर्यविनायक नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरूमा घुम्ती ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गरी ४७३ जना गर्भवती महिलाको स्वास्थ्य जाँच गरिएको छ। साथै, स्वास्थ्य संस्थामार्फत ५९० जना सुत्केरी आमासँग घरभेट कार्यक्रम सञ्चालन गरी आवश्यक स्वास्थ्य परामर्श, अनुगमन तथा मातृशिशु स्वास्थ्य प्रवर्द्धनका सेवाहरु प्रदान गरिएको छ।
- पूर्ण खोप सुनिश्चितता तथा दिगोपना वडा घोषणा सम्पन्न गरिएको छ। साथै राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत पाठेघरको मुखको क्यान्सर विरुद्धको HPVखोप अभियान विद्यालयस्तरमा सञ्चालन गरी १,०१५ जना छात्रालाई खोप प्रदान गरिएको छ, जसबाट समग्रमा ९६ प्रतिशत प्रगति हासिल गरिएको छ।
- महिला स्वास्थ्य सुदृढीकरण कार्यक्रम अन्तर्गत नगर क्षेत्रभित्र स्त्री रोग विशेषज्ञसहितको टोलीद्वारा पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सर सम्बन्धी स्क्रिनिङ्ग शिविर सञ्चालन गरिउक्त शिविरमा १७५ जना महिलाहरूको स्वास्थ्य परीक्षण गरिएको छ।

- सूर्यविनायक नगर अस्पताल, जगातीमार्फत ४० जना सेवाग्राहीले सुरक्षित प्रसूति सेवा प्राप्त गरेका छन्, जसले सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।
- विपन्न नागरिक औषधी उपचार अन्तर्गत मुटुरोग४०,क्यान्सर रोग ४४,मृगौला रोग १४,अल्जाइमर १ र पार्किन्सन्स १ गरि जम्मा १०० जनालाई सिफारिस गरिएको र मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार खर्च बापत मासिक रु ५००० का दरले ३१९ जनालाई रकम भुक्तानी गरिएकोछ।
- विपन्न नागरिकस्वास्थ्य बीमामा आबद्धता प्रयोजन थप १ लाख अन्तर्गतक्यान्सर रोग २१, मुटु रोग ५,मृगौला रोग ३३, स्पाइनल इन्जुरी १ र पार्किन्सन्स १ गरि जम्मा ६१ जनालाई सिफारिस गरिएको छ ।
- सूर्यविनायक नगरपालिका अन्तर्गतका सबै आधारभूत स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्डको सूचाङ्क मापन गरिएको साथै गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गरि आवश्यक पूर्वाधार तथा स्वास्थ्य सामाग्री व्यवस्थापन गरिएको छ ।
- सूर्यविनायक नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूको सेवा प्रवाह, पारदर्शिता, जवाफदेहिता तथा समुदायको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले स्वास्थ्य संस्थाहरूमा सामाजिक परीक्षण )Social Audit) सम्पन्न गरिएको छ।

सूर्यविनायक नगर अस्पतालतर्फः

आर्थिक वर्ष २०८२।८३ को जेठ मसान्त सम्मको आम्दानी, खर्च र बिरामी संख्याको विवरणः

(क) आम्दानीः

| क सं | विवरण | प्राप्त रकम रु |
| --- | --- | --- |
| १ | बीमाबाट | ५,२९,३१,५५३ |
| २ | नगदबाट | १,२८,३४,१७८ |
| ३ | बीमाबाट आउन बाँकी | १३,३५,३७,२९० |
| जम्मा आम्दानी | | १९,९३,०३,०२१<br>उन्नाइस करोड त्रियानब्बे )<br>(लाख तीन हजार एक्कास |

(ख) खर्चको विवरणः

| विनियोजित | खर्च | |
| --- | --- | --- |
| बजेट रु | खर्च रकम रु | खर्च प्रतिशत |
| १९,४७,००,०००<br>उन्नाइस करोड )<br>(सच्चालिस लाख | १३,२२,२८,०००<br>तेह्र करोड बाइस )<br>(लाख अठ्ठाइस हजार | ६७.९१ सतसठ्ठी )<br>दशमलव नौ एक<br>(प्रतिशत |

बिरामीको विवरणः

| क सं | शाखा | संख्या |
| --- | --- | --- |
| १ | OPD( बहिरङ्ग सेवा) | ७५३०६ |
| २ | इमर्जेन्सी सेवा | ४६८६ |

| | | |
|---|---|---|
| ३ | IPD(अन्तरङ्ग सेवा) | ३५८ |
| ४ | ब्रथिङ सेवा | ३० |
| ५ | अप्रेशन | २८८<br>मेजर) (२३, इन्टरमिडेट (३९ र माइनर (२२६ ( |
| जम्मा बिरामी संख्या | | ८०,६६८। असी हजार छ सय ) (अठसठ्ठी |

## ग. सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाईको प्रगति

ग. सामाजिक सुरक्षा भत्ता नविकरणका लागि विभिन्न संचार माध्यमका साथै एस एम एस प्रणाली मार्फत बाट जनस्तरमा प्रचार प्रसार गरी राष्ट्रिय परिचयपत्रमा आधारित वायोमेट्रिक भेरिफकेशन अन्तर्गत यस पालिकामा जम्मा लाभग्राही संख्या ४८५८को नवीकरण गरिएको छ ।

घ. जेन्जी आन्दोलन पश्चात विभागको परिपत्र अनुसार सामाजिक सुरक्षा भत्ताको नवीकरण अवधि भाद्र मसान्तबाट असोज मसान्त सम्म थप भएकाले सो अवधिमा छुट सेवाग्राहीको नवीकरण गरि जम्मा

रु १५,५३,१३,१४७/- (पन्ध्र करोड त्रिपन्न लाख तेह्र हजार एक सय छडचालीस) भत्ता रकम तेस्रो त्रैमासिक सम्ममा भुत्तानी भएको छ।

ङ. व्यक्तिगत घटना दर्ताको अनलाइन प्रणालीबाट घटनाको ठेगाना परिवर्तन र राष्टिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६

सशोधन पश्चात व्यक्तिगत घटना दर्ता अन्तर्गत६८ वटा घटना घटनाहरु संशोधन गरी प्रतिलिपि जारी गर्नका लागि सम्बन्धित वडामा परिपत्र गरियो छ।

च. विभागको निर्देशन अनुसार अन्य पालिकाका सेवाग्राहीहरुले अस्थायी बसोबास भएको स्थानबाट समेत नविकरण गर्न पाउने व्यवस्था अनुसार ३१५ जनाले लाभग्राहीको यस पालिकाबाट सामाजिक सुरक्षा परिचय पत्र नवीकरण भएको छ ।

छ. चालु आ.व को श्रावण १ देखी असार ०४ गते सम्ममा तपसिल वमोजिम घटना दर्ता भएको छ ।

जन्म– ८७५,मृत्यु– ३७७, सम्बन्ध बिच्छेद दर्ता – ७८, विवाह दर्ता – ४३९,

बसाई सरी आएको - ४४५ (सदस्यको संख्या -१५४५), बसाई सरी जाने - ३७(सदस्यको संख्या -१२९)गरी जम्मा दर्ता संख्या २२५१घटना दर्ता भएको छ।

ज. व्यक्तिगत घटना दर्ता सप्ताह संचालन गरी जनस्तरमा यस सम्बन्धमा विभिन्न माध्यमबाट प्रचारप्रसार गरिएको छ ।

झ. अन्तिम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता नपुग हुने भएकाले अपुग भत्ता रकम १ करोड ९४ लाख ३० हजार ५ सय ३० का लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा पत्रचार गरिएको छ ।

ञ. स्थानीयबालमैत्री नगर घोषणाको लक्ष्य हासिल गर्न जन्मेको ३५ दिन भित्र जन्मदर्ता गराउन स्वास्थ्य स्वयसेविकाहरुलाई परिचालन गर्नएक जन्म दर्ता गरे वापत रु १०० का दरले उत्प्रेरणात्मक सुविधा प्रदान गर्ने सम्बन्धमा अभिमुखीकरण कार्यक्रम संचालन गरि विवरण संकलन भइरहेको छ ।

## घ. लैङ्गिक विकास तथा समावेशीकरण शाखा तर्फको प्रगति

- बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणाको लागि जिल्ला समन्वय समिति भक्तपुरबाट अनुमती प्राप्त भई १० वटै वडा घोषणाको मिति तय भएको छ ।
- ११४ जनाको सहभागितामा नगरस्तरमा नगर भित्रका सामुदायिक तथा संस्थागत विद्यालयका प्रस.व्य.अ तथा वि., स्वास्थ्य तथा सरोकारवाला निकायसंग CFLG सम्वन्धी अभिमुखीकरण तथा प्रतिबद्दता हस्ताक्षर कार्यक्रम सम्पन्न गरिएको छ ।
- सरोकारवालाहरु (जनप्रतिनीधि, विषयगत शाखा शिक्षा, स्वास्थ्य, महिलासहकारी, टोल सुधार बाल संजाल पञ्जिकरण) CFLG सूचक सरलिकरण तथा स्थानीयकरण र आचारसंहिता निर्माण कार्यशाला ६५ जना को सहभागीतामा सम्पन्न भएको तथा आचारसंहिता कार्यपालिकावाट स्वीकृत गरिएको छ ।

- नगरस्तरमा स्वास्थ्य संग सम्वन्धित स्वास्थ्यकर्मी, स्वास्थ्य चौकी प्रमुख, मेडिकल व्यवसायी, प्राईभेट क्लिनिक संचालक लगायत ५० जनाको उपस्थितीमा CFLG सम्वन्धी अभिमुखीकरण तथा प्रतिबद्दता हस्ताक्षर कार्यक्रम सम्पन्न गरिएको छ ।
- नगरपालिका भित्रका ५० वटा संस्थागत विध्यालयबाट ३१५ जना किशोरीलाई आत्मरक्षा तथा प्रजनन् स्वस्थ्य सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- ८५ जनाको सहभागितामा नमुना बाल नगर सभा सम्पन्न गरिएको छ।
- अटिजम पहिचान सम्बन्धी १३५ जनालाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

## अपाङ्गता तर्फ प्रगती विवरण

- अपाङ्गता परिचय पत्र यस आ.व.मा हालसम्म २२ जनालई वितरण गरिएको छ।
- वडाको सिफारिसको आधारमा अपाङ्गता सहायक सामाग्रीहरु(अफरोड ह्विल चियर १ थान, ह्विल चियर ८, कम्वर्ट चियर ३ थान, वैशाखी २ थान, वाकर २ थान)लगायत अन्य सामग्रीहरु वितरण गरिएको छ ।
- ३४ औ अन्तराष्ट्रिय अपाङ्गता दिवश डिसेम्वर ३ को अवसरमा नगरस्तरमा ११५जना अपाङ्गता भएका व्यक्तिहरुको उपस्थितिमा अभिमुखीकरण लगायत विविध कार्यक्रम गरी नगरस्तरमा सम्पन्न गरिएको छ।

- ८५ जना अपाङ्गता भएका व्यक्ति तथा परिवारहरुलाई मनोपरामर्श तालिम सम्पन्न गरिएको छ ।

## ज्येष्ठ नागरिक तर्फ प्रगती विवरण

- ज्येष्ठ नागरिक हरुको सर्वोत्तम हितलाई ध्यानमा राख्दै चालु आ.व.को मंसिरबाट सुरुगरी ज्येष्ठ नागरिक परिचय पत्र वडास्तरबाट वितरण गर्ने व्यवस्था गरिएको छ।
- ज्येष्ठ नागरिक हरुको लागी मनोपरामर्श, अल्जाईमर्श तथा बुढ्यौलीपनमा हुने स्वास्थ्य समस्या सम्वन्धी अभिमुखीकरण तथा स्वास्थ्य परिक्षण कार्यक्रम २१५ जनाको सहभागीतामा सम्पन्न गरिएको छ ।
- ज्येष्ठ नागरिक मैत्री नगर स्थापना गर्नको लागी मिति २०८२/०३/३२गते ५०% लागत साझेदारीमा सूर्यविनायक नगरपालिका र नेपाल रेडक्रस सोसाइटीबीच स्वास्थ्यबुढ्यौलीका साहारा परियोजना संझौता भई कार्यान्वयनमा रहेको छ ।
- १० वटै वडामा ज्येष्ठनागरिक सँग पुस्तान्तरण सम्वाद कार्यक्रम सम्पन्न गरिएको छ।
- ८० बर्ष माथीका १४० जना ज्येष्ठनागरिकहरुलाई सम्मान गरिएको छ ।

**महिला तर्फ भएको प्रगती**

- महिला हिंसा विरुद्द १६ दिने अभियान कार्यक्रम अन्तर्गत सेतो रिवन अभियान तथा नगरस्तरमा राष्ट्रिय कलाकारहरुको उपस्थितीमा सचेतनामुलक सडक नाटक प्रदर्शन गरिएको छ ।
- नगरस्तरमा ४५ जना एकल महिलाहरुको लागी २ दिने कानुनी सचेतना तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- महिला तथा बालबालिकाको सर्वोतम हितलाई ध्यान दिदै चालू आ.व.मा सडक मानव, बालश्रमिक, हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिका तथा महिलाहरु लाई उद्दार गरि पुनः स्थापना तथा उचित व्यवस्थापन गरिएको छ ।
- ६० जना महिलाहरुलाई १ महिने एडभान्स व्युटिसियन तालिम तथा १८ जना महिलाहरुलाई २ महिने एडभान्स सिलाई सञ्चालन हुदै गरेको छ ।
- ४० जना महिला जनप्रतिनिधि तथा महिला कर्मचारीहरुका लागी ५ दिने उद्घोषण तालिम सम्पन्न गरिएको छ ।
- ७५ जना महिला सहकारी पदाधिकारीहरुलाई कार्यविधि निर्माण सम्बन्धी २ दिने तालिम सम्पन्न गरिएको छ।
- १५ जना एकल महिलाहरुका लागी सीप विकास तालिम अन्तर्गत १० दिने साईपाटा बनाउने तालिम संचालन भईरहेको छ ।

- एकल महिलाहरुको तथ्याङ्क संकलन गरिएको छ ।
- १३५ जना दलित तथा गैरदलित समुदायलाई जातिय भेदभाव तथा छुवाछुत विरुद्ध सरोकारवालालाई अभिमुखीकरण गरिएको छ ।
- दलित परम्परागत सीप उत्थान कार्यक्रम अन्तर्गत ६०।४० लागत साझेदारीमा ३२ जना दलित समुदायलाई प्रविधि हस्तान्तरण सम्पन्न गरिएको छ ।

अन्तमाः सामाजिक विकास समितिको वार्षिक कार्यक्रम तथा गतिविधिहरुको हालसम्मको भौतिक तथा वित्तीय प्रगतिमा सहयोग गर्नुहुने नगर प्रमुखज्यू, उप-प्रमुखज्यू , प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरु, सामाजिक विकास समितिका पदाधिकारीज्यूहरु, शाखा प्रमुखज्यूहरु तथा सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

<u>प्रतिवेदक</u>

**रविन्द्र सापकोटा**

संयोजक

सामाजिक विकास समिति

सूर्यविनायक नगरपालिका

# सूर्यविनायक नगरपालिका

# पूर्वाधार विकास शाखा संयोजकको प्रतिवेदन

**श्रध्देय सभाध्यक्षज्यू,**

सूर्यविनायक नगरपालिकाको आ व २०८२/०८३ मा पूर्वाधार विकास समितिको तर्फवाट हालसम्मको पूर्वाधार विकास तर्फको प्रगति प्रतिवेदन सहित योजना संचालनमा प्राथमिकिकरण गर्नु पर्ने विषयमा र घर नक्शा स्वीकृति सम्वन्धमा बैठकको निर्णय बमोजिम संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहान्छु।

नगरपालिकाको गौरवको योजनामा रहेको सूर्यविनायक वृहत खानेपानी आयोजनाको प्रथम चरणको कार्यको भौतिक प्रगति प्रतिशत ९०% सम्पन्न भई वडा नं २,३,४,५ र ६ मा मेलम्चीको पानी वितरण शुरु गरिसकिएको अवस्था रहेको छ।सम्पूर्ण नगर क्षेत्रमा खानेपानि वितरण व्यवस्थापनका कार्यहरु नगरपालिका वाट नै निरन्तर संचालन गर्न प्राविधिक र आर्थिक रुपमा असजिलो रहेकोले नगरकार्यपालिका र राजनैतिक दलहरुको सहमति बमोजिम काठमाण्डौ उपत्यका खानेपानि लिमिटेड लाई हाल संचालनमा रहेका खानेपानि समितिहरु क्रमश हस्तातरण गर्दै लगिने निर्णय भएको अवस्था छ।

प्रशासनीक भवन तर्फ नगरपालिकाको नँया भवन तयार भई सेवा सुचारु भैसकेको छ भने वडा नं ०५ र ०९ को भवन तयारी अन्तिम अवस्थामा रहेको छ। आ व २०८३/०८४ मा उक्त् भवनहरुबाट सेवा सुचारु गर्न सकिने छ।वडा नम ०१ को वडा भवनको जग्गा प्राप्ति भई सुविधा सम्पन्न ४.५ तल्ला भवन निर्माणका लागि ठेक्का आव्हान भैसकेको छ।गौरवको योजनाको रुपमा रहेको सूर्यविनायक नगर अस्पताललाई ५० शैंयाको प्रादेशिक अस्पताल

बनाउन आवश्यक पूर्वाधारहरु विकास गरिएको छ। आगामि आ व २०८३/०८४ मा आँखा ,दन्त सेवा र फिजियोथेरापी सहित वाल स्वास्थ्य जाँचको सेवा विस्तारका लागि आवश्यक पूर्वाधारहरु निर्माण गरिएको छ।दधिकोट प्राथमिक स्वास्थ्य भवनको लागि प्रदेश सरकार र नगरपालिकाको लगानिमा करिव ३.५ करोड बराबरको भवन निर्माण ठेक्का बन्दोवस्त भई नगरस्तरिय ७ शैंया स्वास्थ्य भवनको रुपमा निर्माण भैरहेको छ।

आगामी आ व २०८३/०८४ पूर्वाधार क्षेत्रमा मुख्यतय सडक सुरक्षा तथा मर्मत सुधार कार्यक्रम, वडा स्तरीय लिङ रोड कार्यक्रम , सिमेण्ट कक्रिटको विस्थापनामा रिचार्जेवल ब्लक विछ्याउने कार्यक्रमहरुमा जोड दिनु पर्ने देखिन्छ।स्थानीय स्तरका साना साना फड्के,ट्रस पुल एवं कल्भर्टहरु प्राथमिकतामा राख्नु पर्ने देखिन्छ।नगर प्रमुख उज्यालो नगर कार्यक्रम लाई यथावत राख्दै सडक बत्ती जडान ,मर्मत तथा सडक विधुत महशुल भुक्तानी कार्यक्रम लाइ वजेटमा समाविष्ट गर्न जरुरि देखिन्छ।सरकारी /सार्वजनिक जग्गा, भवनहरुको एकिन विवरण तयारी सहित भोग हक अधिकार निश्चित गरी संभेर्क्षण हुनु पर्दछ।पुराना फल्चा,पाटी ,कुवा,ढुङे धाराहरुको नियमित संरक्षण गर्नु पर्ने देखिन्छ।युवा तथा वालवालिका लक्षित खेल मैदान ,वाल उधान,मनोरञ्जन पार्कलाई प्राथमिकता सहित निरन्तरता दिनु पर्ने देखिन्छ।जेष्ठ नागरिक मिलन चौतारि सहित व्यायाम उपकरण,बस्ने बेन्चि ,शौचालय ,स्नान कक्ष निर्माण एवं सचालनको व्यवस्थापन मिलाउनु पर्ने देखिन्छ।सडक सौन्दर्यकीकरण ,विश्रमस्थल सहित

नागरिक सुविधा केद्रमा पूर्वाधारहरुको विकास गर्नु पर्ने देखिन्छ। मुख्यतय वर्षातको समयमा हुने बाढि ,पहिरो सहित विपद् जन्य घटानाहरुको समयमै पहिचान गरि घटना पूर्व तयारीका कार्यक्रहरुलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ।

घर नक्शा स्वीकृति सम्बन्धमा १० मिटर भन्दा माथिका सबै सडकमा बन्ने घरहरु व्यापारिक घरको रुपमा लिईने ,२.५ आना भन्दा कम जग्गामा २ तल्ला र भर्याङ छोप्ने मात्र स्वीकृति दिन तर १० मिटर भन्दा माथि चौडाई भएका सडकमा २.५ आना भन्दा कम जग्गाको हकमा ३ तल्ला स्वीकृति दिने व्यवस्था सम्मानित नगर सभा बाट स्वीकृत हुन प्रस्ताव गर्नु पर्ने वान्छनीयता देखिन्छ।

धन्यवाद !

शिवराम राउत
संयोजक
पूर्वाधार विकास समिति

सूर्यविनायक नगरपालिका

नगरसभाको बिसौं अधिवेशनको प्रथम बैठकमा पेश भएको,

# वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन

# (आ.ब.२०८२।०८३)

सूर्यविनायक नगरपालिका नगरसभाको बिसौं अधिवेशनको प्रथम बैठकमा पेश भएको,

## वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन (आ.ब.२०८२।०८३)

प्रस्तुत मिति : २०८३।०३।०९

गरिमामय सभाका सभाध्यक्षज्यू,

आदरणीय नगरसभा सदस्यज्युहरु,

सभाध्यक्षज्यूको अनुमतिले सूर्यविनायक नगरसभाको २० औं अधिवेशनको प्रथम वैठकमा वन वातावरण तथाविपद् व्यवस्थापन समितिको आ.ब. २०८३/०८४ को वार्षिक प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउदा अत्यन्त हर्षित छु । स्थानीय सरकारको सञ्चालन तथा व्यवस्थापनलाइ सुदृढ र सवल रुपमा कार्यान्वयनकोलागी व्यवस्था भएका विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई अनुसरण गर्दै नगरपालिकाको कार्य सञ्चालन प्रकृयालाई व्यवस्थित गरी सम्पादन हुने काम कारवाही लाई प्रभावकारीरुपमा कार्यगर्न नगरपालिकाले व्यवस्था गरेको विषयगत कार्य सञ्चालन कार्यविधि बमोजिम हामिलाई प्रदान भएको वन, वातावरण तथाविपद् व्यवस्थापन समितिको संयोजकको हैसियतवाट समितिका लागी तोकिएको मुख्य जिम्मेवारी भित्र रही विषयगत आवधिक योजना तर्जुमा को साथै सो लक्ष्य पुरा गर्न र अपेक्षित नतिजा हासिलगर्न समितिका सामुहिक छलफल सुझाव र समुचित कार्य सञ्चालनको प्राप्त उपलब्धिको निष्कर्ष

सहित यस योजना तर्जुमा निर्देशक समितिमा प्रस्तुत गर्ने जिम्मेवारी रहेको कुरा स्मरण गराउन चाहन्छु ।

स्थानीय सरकार संचालन ऐनले व्यवस्था गरे वमोजिम नगरपालिकाले फोहर मैला व्यवस्थापन नीति तथा कार्यविधि स्विकृत गरि निजी क्षेत्रवाट प्रतिस्पर्धा गराई फोहरमैला को व्यवस्थापन भैरहेको छ । त्यसैगरी विपद् व्यवस्थापन सम्बन्धि स्थानीय नीति कार्यविधि स्विकृत गरि स्थानिय स्तरमा विपद् पुर्वतयारी, प्रतिकार्य योजना, खोज तथा उद्धार राहतलगायत उपलब्ध समाग्रीको भणडारण तथा वितरणगर्ने र नगर क्षेत्रमा विपद् जोखिम क्षेत्रको नक्साङ्कन (Disaster Mapping) तथा पहिचान समेत गर्ने कार्य गरेको छ । नगरपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशिल कार्य ढाँचा तयारगर्ने कार्य अगामी आ.ब. मा सम्पन्न हुने विश्वास व्यक्त गर्दछु।

यस्ता कार्यकोलागी तोकिएको प्रवन्ध सहित वन वातावरण तथा विपद् व्यवस्थापन कार्यकोलागी १० दसस्यीय समिति क्रियाशील रहेको छ।

यस वन वातावरण तथा विपद् व्यवस्थापन समितिको कार्यक्षेत्र अन्तर्गतका उदेश्य हाशिल गर्नका लागी अवश्यक्ता अन्सारको बैठक बसी विभिन्न रणनीति सुक्षावहरु तयार गर्ने कार्य गरेको छ ।

सुर्यविनायक नगरपालिकाको दसवटै वडाहरुलाई समेटी फोहरमैला व्यवस्थापन र विपद् व्यवस्थापन गर्नका लागी सन्देश मुलक जानकारी सहितको सूचनाको प्रचार प्रसारको कार्य हाल भइरहेको समेत अनुरोध छ ।

यस अर्थिक वर्षामा यस वन वातावरण तथा विपद् व्यवस्थापन शाखावाट निम्न अनुसारको कार्यहरु सम्पादन गरि पेश गरेको व्यहोरा अनुरोध छ।

<u>आ.ब. २०८२/०८३ मा वन वातावरण तथा विपद् व्यवस्थापन शाखा वाट भएका मुख्य उपलब्धी हरुः</u>

१.बार्षिक कार्ययोजना (Action Plan) तयारगरी पेश भएको ।

२. वन,वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक बसी नगर विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन समितिलाई संशोधन गरी स्विकृतिको लागि सिफारिस गरिएको ।

३. ईटा टायल कारखानाको जग्गा उपयोग सम्बन्धमा रंगशाला निर्माणको लागी समितिवाट पेश भई नगर विपद् व्यवस्थापन समिति वाट स्विकृती प्रदान भएको ।

४. जेनजी आन्दोलनवाट भएको क्षेतीको वडागत र विभिन्न प्रहरी चैकी सुरक्षा पोष्टको अनुगमन गरी विवरण पेश गरिएको ।

५. असोज १६-१८ गतेको वर्षातवाट भएको मनसुन जन्य विपद्को क्षती विवरण संकलन गरी प्रदेश सरकार तथा जिल्ला विपद् व्यवस्थापन समितिमा पेश भएको ।

६. चालु वर्षमा वर्षातको समयमा विपद् शाखावाट नगरपालिकाको विभिन्न वडाहरुमा विभिन्न खोला, खोल्सी र नदी कटानको

निरिक्षण गरी पुर्वाधार शाखामा Protection wall निर्माणको लागी स्थलगत प्रतिवेदन पेश भएको ।

७. संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र अनुसार वायु प्रदुषण वाट हुने असर तथा रोकथाम वारेको अपिल दश वटै वडाहरुमा कार्यान्वयनको लागि पत्राचार भएको ।

८. संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र अनुसार सितलहर तथा चिसो वाट हुने क्षाति न्युनिकरण सम्बन्धी जनचेतना मुलक निर्देशन तथा सन्देश कार्यान्वयनको लागि सवै वडा कार्यालयमा पत्राचार गर्ने कार्य भएको ।

९. नगर क्षेत्रको फोहरमैला व्यवस्थापनको सेवा करार अवधी समाप्त भएकाले पुःन कार्यविधि अनुसार २०८२ साल चैत्र १७ गते देखी लागु हुने गरी २ वर्षको लागी अवधी थप गर्ने कार्य भएको ।

१०. अगलागी, डढेलो, वातावरणा प्रदुषण तथा सरसफाई सम्वन्धी सन्देश मुलक सुचनाको प्रशारण तथा प्रचार प्रसार स्थानिय एफ.एम. तथा जिङ्गल तयार गरि कार्य भईरहेको ।

११. रसुवा जिल्लाको लाङटाङ खोला क्षेत्रमा वाढीमा परी वेपत्ता भई मृत्यु हुन गएको ३ जानाको मृतक राहत रकम यस नगरपालिका वडा न. ४ का मृतक परिवारलाइ नगर प्रमुख वाट प्रदान भएको।

१२. नगरपालिकाका प्रत्येक वडाका विपद् व्यवस्थापन समितिका सदस्यहरु २/२ जाना तथा नगर प्रहरी टोली समेतलाइ विपद् जोखिम न्युनिकरण उद्धार तथा प्रतिकार्य सम्वन्धी तालिम साझेदार संस्था नेपाल रेडक्रस सोसाइटी भक्तपुर शाखाको सयोजनमा सम्पन्न भएको ।

१३. असल अभ्यासहरुको अदान प्रदान गर्न अन्तर स्थानीयतह विच अन्तरकृया तथा क्षमता अविबृद्धी तथा अन्य विधी अवलम्वन गर्नको लागी वन तावरण तथा वपद् व्यवस्थापन समिति वडाध्यक्ष तथा पदाधिकारीहरुको अध्यन अवलोकन भ्रमण कार्य सम्पन्न भएको ।

१४. वडा स्तरिय विपद् व्यवस्थापन समिति तथा वडा स्तरिय स्वयंसेवक समुहको वडा स्तरिय पुर्नगठन तथा अन्तरकृयाको कार्य नगरपालिकाको वन,वातावरणा तथा विपद् व्यवस्थापन शाखावाट सम्पन्न भएको ।

हार्दिक धन्यवाद।

प्रस्तुतकर्ता
भगवान खत्री
संयोजक वन वातावरण तथा विपद् व्यवस्थापन समिति
हस्ताक्षर
मिति २०८३।०३।०९ गते

# सूर्यविनायक नगरपालिका
# सार्वजनिक सेवा तथा क्षमता विकास समितिको
# आ.व. ०८२।०८३ को साउन महिनादेखि जेठ
# मसान्त सम्मको प्रगति प्रतिवेदन

# सार्वजनिक सेवा तथा क्षमता विकास समितिको आ.व. ०८२।०८३ को साउन महिनादेखि जेठ मसान्त सम्मको प्रगति प्रतिवेदन

सभाका सभाध्यक्षज्यू,

सार्वजनिक सेवा तथा क्षमता विकास समितिको कार्य क्षेत्र अन्तर्गत चालु आ.व. ०८२।०८३ को श्रावणदेखि हालसम्म भएका उपलब्धीहरुको प्रतिवेदन यस गरिमामय नगरसभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## पृष्ठभूमि

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ मा भएको व्यवस्था बमोजिम यस नगर कार्यपालिकाले नगरपालिका (कार्य विभाजन) नियमावली, २०८० र नगरपालिका (कार्य सम्पादन) नियमावली, २०८० स्वीकृत गरी कार्यपालिकामा निर्णयका लागि पेश भएका विषयमा निर्णय गर्नु पूर्व अवश्यकता अनुसार राय, सल्लाह र सुझाव लिई आफ्ना निर्णय र काम कारवाहीमा प्रभावकरिता ल्याउने उद्देश्यले अन्य समितिहरु जस्तै यस सार्वजनिक सेवा तथा क्षमता विकास समिति गठन गरी यसका कार्यक्षेत्र देहाय बमोजिम तोकेको व्यहोरा यस गरिमामय सभा समक्ष जानकारीका लागि प्रस्तुत गर्दछु ।

क. संगठन संरचना, दरबन्दी र कार्यविवरण,

ख. सुशासन र सेवा प्रवाह,

ग. क्षमता विकास,

घ. तथ्यांक सूचना तथा संचार,

ङ. सार्वजनिक सम्पत्तिको संरक्षण तथा उपयोग र

च. न्याय तथा मानव अधिकार ।

यस समितिमा रहनु भएका पदाधिकारी तथा सदस्यहरुको विवरण देहाय बमोजिम रहेको छ–

| | |
|---|---|
| क. वडा अध्यक्ष सानुकाजी कायस्थ | संयोजक |
| ख. कार्यपालिका सदस्य शर्मिला बस्नेत | सदस्य |
| ग. वडा सदस्य कल्पना नेपाली | सदस्य |
| घ. वडा सदस्य कल्पना खतिवडा दाहाल | सदस्य |
| ङ. वडा सदस्य सन्तोसी परियार | सदस्य |
| च. वडा सदस्य विक्रम तामाङ | सदस्य |
| छ. वडा सदस्य तारा बहादुर विष्ट | सदस्य |
| ज. वरिष्ठ शाखा अधिकृत राजेन्द्र प्रसाद नेपाल | सदस्य सचिव |

समग्र नगरपालिकाको सार्वजनिक सेवा र क्षमता विकासको जिम्मेवारी यस समितिलाई भएको भएतापनि यस नगर कार्यपालिकाको शाखागत कार्य विवरणका अधारमा यस समितिले प्रशासन शाखा र सूचना प्रविधि तथा तथ्यांक शाखाले गरेको कामको प्रगति विवरण तयार गरी पेश गर्न लागेको व्यहोरा निवेदन गर्दछु ।

<u>प्रशासन शाखा</u>

१. यस नगरपालिकाका ५१ जना जनप्रतिनिधि, १८७ जना कर्मचारी, १८४ जना शिक्षक तथा कर्मचारी गरी जम्मा ४२२ जनाको सम्पत्ति विवरण तोकिएको समय भित्रै यस नगरपालिकामा दर्ता गर्न

लगाई राष्ट्रिय सतर्कता केन्द्रको सफ्टवेयर प्रोटलमा इण्ट्रि गरी प्रदेश किताबखाना, वागमती प्रदेश, हेटौडामा बुझाइएको छ। यसले नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र शिक्षकहरु सबै सार्वजनिक जवाफदेहिता प्रवर्द्धनमा सचेत रहेको देखाउँछ।

२. मिति २०८२।०५।२३ र २४ गते जेन्जी समूहको अह्वानमा भएको प्रदर्शनका क्रममा यस नगर कार्यपालिकाको कार्यालय भवन तोडफोड भएको, ४ नं. वडा कार्यालय तोडफोड गरी सम्पूर्ण सामान बाहिर निकाली आगजनी भएको, ७ नं. वडा कार्यालय तोडफोड गरी सम्पूर्ण सामान सहित भवन आगजनी भएको अवगत नै छ । सो आन्दोलनका क्रममा जलेर नष्ट भई बाँकि रहेका सामानका अवशेषहरु नगरपालिकाको कार्यालयमा ल्याई नियमानुसारको सम्पूर्ण प्रक्रिया पुर्याई लिलाम बिक्री गर्ने कार्य सम्पन्न भएको छ ।

३. यस नगरपालिकाको जिन्सी निरीक्षण समितिले विविध कारणले काममा आउन नसक्ने जिन्सी मालसामान तथा सवारी साधन लिलाम बिक्री गरी लगत कट्टा गर्न सिफारिस गरेकोमा पुरानो पिकअप गाडी सहित अन्य सामानहरु नियमानुसारको सम्पूर्ण प्रक्रिया पुर्याई लिलाम बिक्री गर्ने कार्य सम्पन्न भएको छ ।

४. नगर कार्यपालिका र अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेका देहायका पदहरुमा कर्मचारीहरु प्रतिस्पर्धाको माध्यमबाट करारमा नियुक्ति तथा पदस्थापन गरी कामकाज लगाइएको छ ।

क. नगर प्रहरी जवान ८

नगर कार्यपालिकाको कार्यालय

ख. ना.प्रा.स. कृषि २

कार्यक्षेत्र तोकी ४ नं. र ८ नं. वडा कार्यालय

ग. ना.प्रा.स. भेटेरिनरी २

कार्यक्षेत्र तोकी ४ नं. र ८ नं. वडा कार्यालय

घ. आप्रवाशी श्रोतकेन्द्र परामर्शकर्ता १

ङ. मनोसामाजिक परामर्शकर्ता १

च. रिटर्नी स्वयंसेवक १

जिल्ला प्रशासन कार्यालय, भक्तपुर परिसरमा कार्यालय खोली भक्तपुर जिल्लाका चार वटै नगरपालिका कार्यक्षेत्र तोकी कामकाज लगाइएको छ।

छ. फार्मेसी सहायक २

सूर्यविनायक नगर अस्पतालमा कामकाज लगाइएको ।

५. यस नगरपालिकामा कार्यरत नगर प्रहरीहरुको क्षमता विकास गर्ने उद्धेश्यले नगर प्रहरी कर्मचारीहरुको लागि पुनर्ताजगी तालिम सम्पन्न भएको छ ।

६. यस नगरपालिका र वडाका सम्पूर्ण कर्मचारीहरुलाई सहभागी गराई सकारात्मक रुपान्तरण सम्बन्धी २ दिवसीय अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

७. यस समितिका संयोजक एवं सदस्यहरु र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवं अन्य कर्मचारी सहितको टोलीले नगरपालिका मातहतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको समय समयमा अनुगमन गरिएको छ ।

८. यस नगरपालिका भित्रका सामुदायिक विद्यालय र सहकारी संस्थाका सूचना अधिकारीहरुलाई सूचनाको हक सम्बन्धी १ दिवसीय अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

९. यस नगरपालिकाका १० वटै वडामा सेवाग्राही सन्तुष्टी सर्भेक्षण सहित सार्वजनिक सुनुवाईको कार्यक्रम सम्पन्न भएको छ ।

१०. चालु आ.व. २०८२।०८३ को श्रावणदेखि जेष्ठ मसान्तसम्म यस नगर कार्यपालकाको कार्यालयमा लिखित रुपमा सूचना मागका ३ वटा निवेदन दर्ता हुन आएकोमा सबैलाई समयमै सूचना उपलब्ध गराइएको छ ।

११. चालु आ.व. २०८२।०८३ को श्रावणदेखि जेष्ठ मसान्तसम्म यस नगर कार्यपालिकाको कार्यालयमा लिखित रुपमा प्राप्त हुन आएका गुनासोहरु देहाय बमोजिम रहेको र ती सबै गुनासोहरु फछ्र्यौट गरिएको छ ।

क. हेलो सरकार पोर्टल मार्फत् प्राप्त गुनासो १०२

ख. कार्यालयको इमेल मार्फत् प्राप्त ५

ग. राष्ट्रिय सतर्कता केन्द्र मार्फत् प्राप्त २

घ. अख्तियार दुरुपयोग अनुसन्धान अयोग मार्फत् प्राप्त ४

## सूचना प्रविधि तथा तथ्यांक शाखा

१२. नगरपालिकामा उच्च क्षमतायुक्त डेटा स्टोरेज सहितको केन्द्रीय सर्भर स्थापना तथा सफल सञ्चालन गरी विभिन्न शाखा तथा कार्यालयका डिजिटल अभिलेखहरूको सुरक्षित व्यवस्थापन सुनिश्चित गरिएको।

१३. नगरभित्रका सम्पूर्ण वडाहरूमा सार्वजनिक सुरक्षा अभिवृद्धिका लागि CCTV निगरानी प्रणाली जडान गरी सम्बन्धित वडा प्रहरी कार्यालयहरूलाई हस्तान्तरण गरिएको। साथै, सूर्यविनायक चोकमा सवारी साधनको नम्बर प्लेट स्वचालित रूपमा पहिचान तथा अभिलेखीकरण गर्ने अत्याधुनिक ANPR (Automatic Number Plate Recognition) क्यामेरा प्रणाली सञ्चालनमा ल्याइएको।

१४. नगर कार्यपालिकाको कार्यालय, सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य चौकी, नगर अस्पताल तथा सामुदायिक विद्यालयहरूमा इ– हाजिरी प्रणाली लागू गरी कर्मचारी उपस्थितिको व्यवस्थापनलाई पारदर्शी, प्रभावकारी तथा प्रविधिमैत्री बनाइएको।

१५. नगरपालिकाको आधिकारिक वेबसाइट मार्फत् सूचना तथा जानकारीहरूको नियमित प्रकाशन हुँदै आएकोमा फेसबुक, युट्युब, भाइबर लगायतका सामाजिक सञ्जाल माध्यमहरूबाट समेत सूचना प्रवाहको दायरा विस्तार गरी नागरिकको सूचनामा पहुँच सहज बनाइएको।

१६. सूचनाको हक सम्बन्धी कानुनी व्यवस्था अनुरूप स्वतः प्रकाशन (Proactive Disclosure) प्रणालीलाई संस्थागत गर्दै प्रत्येक त्रैमासिक अवधिमा नगरपालिकाका सार्वजनिक महत्वका सूचना तथा विवरणहरू नियमित रूपमा वेबसाइट मार्फत प्रकाशन गर्ने व्यवस्था लागु गरिएको।

१७. नगरभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) सम्बन्धी प्राविधिक सहयोग तथा सपोर्ट सेवा नियमित रूपमा उपलब्ध गराउने कार्यको थालनी गरिएको।

१८. नगरपालिकाको डिजिटल सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन विभिन्न शाखाहरूमा कम्प्युटर नेटवर्क, इन्टरनेट तथा सूचना प्रणालीहरूको नियमित मर्मत, व्यवस्थापन तथा सुरक्षा सुदृढीकरण गरिएको।

१९. सूचना प्रविधिको प्रयोगलाई संस्थागत गर्दै डिजिटल सुशासन (Digital Governance) को प्रवर्द्धन तथा सेवाप्रवाहलाई थप छिटो, पारदर्शी र नागरिकमैत्री बनाउन आवश्यक प्राविधिक सहयोग प्रदान गरिएको।

२०. QR Code सहितको अत्याधुनिक डिजिटल गुनासो व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याई नागरिक गुनासो दर्ता, ट्र्याकिङ्ग तथा सम्बोधन प्रक्रियालाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाइएको।

२१. नगरकार्यपालिकाको कार्यालयबाट प्रारम्भ हुने गरी QR Code मार्फत मोबाइल फोनबाट सहज रूपमा अवलोकन गर्न सकिने अत्याधुनिक प्रविधिमा आधारित डिजिटल नागरिक बडापत्र (Digital Citizen Charter) जडान तथा सञ्चालनमा ल्याइएको, जसबाट सेवाग्राहीहरूले सेवा, प्रक्रिया, आवश्यक कागजात, समयसीमा तथा शुल्क सम्बन्धी जानकारी सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको।

२२. नगरपालिकाबाट सम्पादन हुने कार्यहरूमा सहजीकरण, सेवाप्रवाहमा गुणस्तर अभिवृद्धि, पारदर्शिता तथा उत्तरदायित्व सुनिश्चित गर्दै

प्रविधिमैत्री प्रशासनिक वातावरण निर्माण गर्ने उद्देश्यले नगरपालिकाका अधिकांश सेवा तथा कार्यप्रक्रियाहरूलाई सूचना प्रविधिमा आधारित देहायका विद्युतीय प्रणालीमार्फत् सञ्चालन गरिएको व्यहोरा यस गरिमामय नगरसभा समक्ष जानकारी गराउन चाहन्छु।

१. विद्युतीय भवन अनुमति प्रणाली (**eBPS**) ।
२. न्यायिक समितिको विवाद व्यवस्थापन सम्बन्धी इजलास प्रणाली ।
३. भौतिक पूर्वाधार योजना सञ्चालन प्रणाली ।
४. कर्मचारी व्यवस्थापन प्रणाली ।
५. सामुदायिक विद्यालयहरुमा वजेट निकासा प्रणाली ।
६. ई हाजिरी प्रणाली ।
७. डिजिटल नागरिक वडापत्र ।
८. नगरपालिकाको वेभसाइट र सामाजिक सञ्जालबाट निरन्तर रूपमा सूचना तथा जानकारी प्रकाशन/प्रशारण जारी ।
९. व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता वितरण गर्न VERSP/MIS प्रणाली।
१०. स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) ।
११. राजश्व संकलनका लागि नगरपालिका लगायत सम्पूर्ण वडा कार्यालयमा सूत्र (SUTRA) प्रणाली ।
१२. घ वर्ग इजाजत प्रणाली ।
१३. सहकारी संस्था व्यवस्थापनका लागि कोपोमिस प्रणाली ।

१४. कृषि अनुदान व्यवस्थापनका लागि मोबाइल एप सहितको सूर्यविनायक कृषि प्रणाली।

१५. नगरवासीलाई सहज सेवा प्रदान गर्न प्यान दर्ता प्रणाली ।

१६. नगर स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी **EHMIS** प्रणाली।

१७. नगर शिक्षा सेवा व्यवस्थापन सम्बन्धी **IEMIS** प्रणाली ।

**सबल पक्षहरु**

१. डिजिटल सुशासन (Digital Governance) को प्रवर्द्धन भएको ।

२. गुणस्तरीय सेवा प्रवाह तथा प्रविधिमैत्री वातावरण सृजना ।

३. जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि भएको ।

४. सेवा प्रवाहमा छिटो छरितोपन आएको ।

५. अनुगमन र निरन्तर सुधारका कार्यले कार्यालय प्रति जनविश्वास अभिवृद्धि भएको ।

६. १० वटै वडामा सार्वजनिक सुनुवाईका कार्यक्रमले गर्दा नगरपालिकाले आफ्ना कुराहरु स्थानीय समुदाय समक्ष राख्ने अवसर प्राप्त गरेको ।

७. सेवाग्राही सन्तुष्टि सर्भेक्षणले सेवामा गर्नुपर्ने सुधारका पक्षहरु उजागर गरेको ।

८. कर्मचारीहरुलाई सकारात्मक रुपान्तरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम पश्चात् कार्यालयको सेवामा प्रभावकिरता अभिवृद्धि हुने अपेक्षा गरिएको ।

**चुनौतिहरु**

१. दक्षता, साधन स्रोत र इच्छाशक्तिको कमी ।

२. कर्मचारीहरुमा प्राविधिक ज्ञानको कमी ।

३. दक्ष जनशक्तिको अभाव ।

**भावी कार्यदिशा**

१. अवधिक क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्छ।

२. नगरपालिकाका सबै सेवाहरुलाई डिजिटाइजेशन गर्नु पर्छ ।

३. अनुगमन नियमनलाई निरन्तरता दिई सुधारहरु गर्दै जानु पर्छ।

४. गुनासो सुनुवाईको संयन्त्र (गुनासो व्यवस्थापन प्रणाली, कल सेण्टर, सहायता कक्ष, हटलाइन एवं टोल फ्री नम्बरहरु) चुस्त बनाउनु पर्छ।

५. सार्वजनिक सुनुवाई सेवाग्राही सन्तुष्टि सर्भेक्षण त्रैमासिक रुपमा अनिवार्य गर्नु पर्छ ।

६. समय समयमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी पुनरावलोकन गर्नु पर्छ ।

**अन्त्यमा**

यस सार्वजनिक सेवा तथा क्षमता विकास समितिको तर्फबाट चालु आ.व. ०८२।०८३ को श्रावण महिना देखि हालसम्मको प्रगति प्रतिवेदन यस गरिमामय सभामा प्रस्तुत गर्ने अवसर प्रदान गर्नु भएकोमा सभाध्यक्षज्यूलाई हार्दिक आभार व्यक्त गर्दै यो प्रतिवेदनलाई धैर्यता पूर्वक आफ्नो अमूल्य समय दिइ सुनिदिनु भएकोमा नगर सभका

सभाध्यक्षज्यू, उपाध्यक्षज्यू, सचिवज्यू, सदस्यज्यूहरु लगायत यहाँ उपस्थित नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिंदै विदा हुन्छु ।

धन्यवाद ।

सानुकाजी कायस्थ
संयोजक
सार्वजनिक सेवा तथा क्षमता विकास समिति
सूर्यविनायक नगरपालिका, कटुन्जे, भक्तपुर

मिति २०८३।०३।०९ गते मङ्गलवार